मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily




वर्ष १ | अंक ११५ | २०७९ साल फाल्गुन २० गते शनिबार | Saturday 4, Mar. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

## पौडेललाई मत दिन मधेशमा छलफल

*संविधानबाट प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्न आठ दलीय गठबन्धन बनेको दाबी*




मधेशदृष्टि
जनकपुरधाम, फागुन १९ ।
राष्ट्रपतिमा कांग्रेसका उम्मेदवार रामचन्द्र पौडेललाई मत दिन ८ दलीय गठबन्धन आबद्ध मधेश प्रदेशका दलहरुले सहमति गरेका छन् ।
शुक्रबार जनकपुरधाममा आठदलीय गठबन्धनको अभिमुखिकरण कार्यक्रममा सहभागी आठदलीय गठबन्धनमा राष्ट्रपतिको उम्मेदवारको बारेमा छलफल भएको थियो । छलफलमा आठ दलीय गठबन्धनमा आवद्ध दलसँग सम्बन्धित नेताहरुको सहभागिता रहेको थियो ।
कार्यक्रममा बोल्दै लोकतान्त्रिक समाजवादी पार्टी नेपालका वरिष्ठ नेता शरतसिंह भण्डारीले हाललाई राष्ट्रपति पदका उम्मेदवारको बारेमा मात्र सहमति भएको बताए । भण्डारीले नेपाली फागुन २५ गते हुने राष्ट्रपतिको निर्वाचनमा कांग्रेसका वरिष्ठ पौडेलको बारेमा सहमति भएको उल्लेख गर्दै चैत ३ गते हुने उपराष्ट्रपति पदको निर्वाचनबारे कुनै सहमति नभएको स्पष्ट गरे । भण्डारीले भने ' अहिले राष्ट्रपतिमा मात्र सहमति भएको छ ।'
कार्यक्रममा जनता समाजवादी पार्टी नेपालका नेता हरिनारायण यादवले उपराष्ट्रपति जसपाले पाउनुपर्ने बताएपछि आठदलीय गठबन्धन अहिले राष्ट्रपतिको निर्वाचनमा मात्र केन्द्रीत रहने रहेको जानकारी भण्डारीले दिएका हुन् । 'अहिले हामी राष्ट्रपतिमा हाम्रो गठबन्धनबाट उम्मेदवारी दिएका कांग्रेसका वरिष्ठ

- बाँकी पृष्ठ ६ मा

## भोज खाँदा सामाजिक बहिष्करण

*सार्वजनिक रुपमा माफी नमागेसम्म जातमा समावेश नगर्ने पञ्चायतको अडान*

मधेशदृष्टि
जनकपुरधाम, १९ फागुन ।
अहिले जातिय भेदभाव र छुवाछुत अन्त्य भइसकेको विभिन्न सरोकारवाला निकाय र सरकारले दाबी गर्दै आएका छन् । तर मधेशका जिल्लाहरुमा जातिय भेदभाव र छुवाछुत कायमै रहेको कुरा दलितको घरमा भोज खाएको महोत्तरीको सोनमा गाउँपालिकामा एक परिवार सामाजिक बहिष्कारमा परेको घटनाले देखाउँछ ।
सोनमा गाउँपालिका ४ खेसराहका भिखारी महतोको परिवारलाई दलितको भोज खाएको भन्दै ' अछूत' भनेर समाजले बहिष्कार गरेको हो । महतोले गत पुस १९ गते गाउँकै शुभनारायण राम (चमार)को घरमा भोज खाएका थिए । तेस्रो सन्तानको रुपमा छोरा पाएको खुसीमा (६ दिनमा हुने छठिहार)मा शुभनारायणले साधुसन्तलाई भोजको आयोजना गरेका थिय ।
सोही भोजमा महतो पनि सरिक भएर खाना खाएका थिए । त्यसपछि उनी महतो (कोइरी) र यादव (गुआर) जातको बहिष्करणमा परेका हुन् । 'उनीहरुले मलाई जातबाट निकालिदिएका छन् र भातपानी बारेको भनेका छन' महतोले दुखेसो सुनाए, 'सार्वजनिक रुपमा माफी नमागेसम्म जातमा समावेश नगर्ने अडान पञ्चायतको रहेको छ ।'



आफूलाई रामचन्द्र महतो, शंकर महतो, सितो महतो, जवाहर महतो, रामसृष्ठ महतो, दुखा महतो लगायतले चमारको भोज खाएको निहुँमा पञ्चायतमा दुर्व्यवहार समेत गरेको उनको

- बाँकी पृष्ठ ६ मा

## शीर्षकमा भ्रमणभत्ता, दारुमा खर्च

### डाक्टर, कर्मचारीले ८ महिनामा ८ लाखको दारु पिए

*नारायणी अस्पतालमा मेसिन खरिद र मर्मतको नाममा खर्च भएको विवरणमात्र छ, बिल, भर्पाइ लगायतका कागजात छैनन् । कहाँ मर्मत गरिएको र कहाँबाट खरिद गरिएको हो रेकर्ड भेटिदैनन्*


सरोज खडका
वीरगन्ज १९, फागुन ।
नेपाल सरकारको मातहतमा रहेको वीरगंज स्थित नारायणी अस्पतालमा लेखा र प्रशासन मिलोमतो गरि लाखौं रकम भ्रष्टाचार गरेको भेटिएको छ ।
अस्पलाका लागि मेसिनहरु खरिद गरेको, उपकरणहरु मर्मत गरेको तथा भ्रमणभक्तामा खर्च भएको विवरणहरु मात्र भेनिन्छ । विभिन्न शीर्षकमा रकम खर्च भएको देखाईए पनि अस्पतालमा प्रमाण भेटिदैनन् ।उता, भ्रमणभक्ता शीर्षकमा खर्च देखाएर कोल्ड ड्रिकंस स्टोरको बिल पेश गरिएको छ ।



अस्पताल प्रशासनले नेपाल सरकारको आन्तरिक ऋण ३० लाख देखाएर २९ लाख ५५ हजार ४३५ रुपैया मेसिनरी मर्मत खर्च भएको देखाएको छ । अस्पताल प्रशासनसँग चालु आ.व ०७९/८० साउन देखि फागुनसम्म मेसिनरी मर्मतमा भएको खर्च देखाए पनि कुन मेसिनरी कहिले र कसले मर्मत गर्यो भनी स्पष्ट प्रमाण भेटिदैन ।त्यसै गरि मेसिनरी खरिद गरेको भन्दै ६० लाख खर्च भएको देखाईएको छ । कुन मेसिन खरिद गरियो सो, सो मेसिन कुन वार्डमा प्रयोग भईरहेको छ ? अस्पतालमा कुनै पनि खातामा रेकर्ड उल्लेख छैन । नष्ट नहुने सामाग्रीहरुको खरिद गर्दा र प्रयोगमा ल्याउँदा उक्त सामाग्रीमा देखिनेगरि जिन्सि नम्बर उल्लेख गर्नुपर्ने कानुनी व्यवस्था हुदाहुँदै पनि अस्पतालका कुनै पनि सामाग्रीमा जिन्सी खाता पाना नम्बर उल्लेख नभएको पाइन्छ ।
अस्पताल कर्मचारी श्रोत अनुसार स्टोर शाखा र लेखा शाखाको मिलोमतोमा अस्पतालको रकम दोहनगरी आफ्नो प्राईभेट अस्पताल र क्लिनिक सञ्चालनमा लग्ने गरिएको छ ।
लेखा शाखा र स्टोर शाखासँग रेकर्ड माग गर्दा कोही जिम्मेवार कर्मचारीले रेकर्ड दिन मानेनन् । अस्पतालका सुपरिटेन्डेन्ट डाक्टर चितरन्जन साहले आफू हालसाल मात्र बहाली भएको र अघिल्ला लेखापालले बरबुझारथ समेत नगरेकोले केही जानकारी नरहेको बताए । अस्पतालको लेखा शाखाले समेत आ व ०७८/०७९ कुनै खर्च विवरण दिन मानेन् भने चालू आ.व को ८ महिना श्राउन देखि फागुनसम्मको मात्र खर्च विवरण उपलब्ध गराएको छ ।
अस्पतालको विभिन्न वार्डमा कार्यरत कर्मचारी भन्छन् 'हामीले आवश्यक सामान माग फारम भरेर माग्छौ स्टोरले दिन्छ कहाँबाट खरिद गर्यो, रेकर्ड राखेको छ कि छैन हामीलाई केही पनि जानकारी हुदैन ।'
नारायणी अस्पतालका तत्कालीन निमित मेडिकल सुपरिटेन्डेन्ट डाक्टर वीरेन्द्र बहादुर प्रधान, लेखापाल सुदिप माझी र स्टोर शाखाका कर्मचारी दामोदर अधिकारी लगायतको आपसी मिलोमतोमा व्यापक भ्रष्टाचार भएको सोही अस्पतालका कर्मचारीले नाम र पद उल्लेख नगर्ने सर्तमा बताएका छन् ।
तत्कालीन लेखापाल सुदिप माझी सरुवा भएको २ महिना बितिसकेपनि हाल आएका लेखापाल अखिलेस प्रसाद सहनीलाई औपचारिक बरबुझारत गरेका छैनन् । कानुन तह सरुवा भएको २० दिन भित्र आफ्नो जिम्माको काम बरबुझारत गर्नुपर्ने हुन्छ । तर माझीले बहाना बनाएर हालसम्म बरबुझारत गरेका छैनन् ।श्रोतका अनुसार माझीले खर्च आम्दानीको एकसरो विवरण मात्र दिएका छन्, आवश्यक बिल, भपाई लगायतका कागजता उपलब्ध गराएका छैनन् ।
अस्पताल प्रशासनसँग आ व ०७८/०७९ र चालु आव ०७९/०८० को हालसम्मको विवरण माग गर्दा अस्पताल प्रशासनले चालू आव को विवरण दिन मानेन । थप जानकारी प्राप्त भए अनुसार अस्पतालको स्टोरमा दामोदर अधिकारी र डाक्टर सुरेन्द्र चौधरीको साझेदारीमा खुलेको शुभ लक्ष्मी अस्पताललाई आवश्यक पर्ने औषधि र उपकरण नारायणी

- बाँकी पृष्ठ ६ मा



# फागुन २२ र २३ गते होरी महोत्सव मनाइने

मधेशदृष्टि
जनकपुरधाम, १९ फागुन । मिथिला नाट्यकला परिषद् (मिनाप) ले जनकपुरधामले प्रत्येक वर्ष झै यसवर्ष पनि होलीको अवसरमा दुई दिवसीय होरी महोत्सव र महामुर्ख सम्मेलन यसवर्ष पनि भव्यतापूर्वक मनाउने भएको छ । मिनापले यसवर्षको होरी महोत्सव फागुन २२ गते सोमबार र महामुर्ख सम्मेलन २३ गते मंगलबार जानकी मन्दिरको प्राङ्गणमा मनाउने निर्णय गरेको मिनापका महासचिव शैलेन्द्र मल्लिकले जानकारी दिएका छन् ।


फाइल फोटो

उनले पहिलो दिन सोमबार डम्फा वादन र उद्घाटन, होलीमाथि विशेष चर्चा परिचर्चा, हास्य कवि गोष्ठी, निश्चित मापदण्ड अनुसार होली गायन, उत्कृष्टाको चयनसँगै पुरस्कार वितरण गरिने जानकारी दिए । दोस्रो दिन मंगलबार विशिष्ट शैलीमा उद्धाटन, होली गायन, मिनापको हास्य शैलीको व्यंग्यपूर्ण नाट्य प्रस्तुती, मूर्ख एवं महामूर्खको उपाधि वितरणका साथै मूर्ख र महामूर्खलाई सम्मान तथा प्रमोपहार वितरण गरिने महासचिव मल्लिकले बताए ।

वि.सं. २०६१ सालबाट जनकपुरधाममा महामूर्ख सम्मेलनको आरम्भ गरिएको थियो। २०६१ सालमा महामूर्खको उपाधी मैथिली कवि नरेश ठाकुर, २०६२ मा तत्कालीन नेकपा एमालेका नेता शीतल झा, २०६३ मा तत्कालीन जनकपुर नगरपालिकाका मेयर हरिबहादुर बिसी, २०६४ मा तत्कालीन सदभावना पार्टीका नेता ओमकुमार झा, २०६५ मा वरिष्ठ साहित्यकार डा. राजेन्द्र विमल, २०६६ मा पूर्वमन्त्री रामचन्द्र झा महामूर्ख बनिसकेको छ । २०६७ मा नेपालका चर्चित राजनीतिक विश्लेषक सिके लाल, २०६८ मा साहित्यकार रामभरोष कापडि भ्रमर, २०६९ मा नेपाली काँग्रेसका नेता रामसरोज यादव, २०७० मा तमलोपाका वरिष्ठ नेता डा. विजयकुमार सिंह, २०७१ मा नेता शत्रुधन महतो, २०७२ मा समसानघाटको स्वरुप परिवर्तन गरी आधुनिक स्वर्गद्वार बनाएर चर्चा बटुलेका पवन सिंघानीयालाई महामुर्खको उपाधी प्रदान गरिएको थियो भने २०७३ सालमा सप्तरीको मलेठमा नेकपा एमालेले गरेको मेची महाकाली अभियानको क्रममा प्रहरीको गोली लागेर ५ जनाको मृत्यु भएपछि अन्तिम समयमा मिनापले सो कार्यक्रम स्थगित गरेको थियो ।

२०७४ मा महामुर्खको उपाधी तमलोपाका अध्यक्ष वृषेशचन्द्र लाल, २०७५ मा जसपाका नेता लालकिशोर साहलाई प्रदान गरिएको थियो ।

त्यस्तै २०७६ सालमा मधेस प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउत, २०७७ सालमा महजोडी मदन कृष्ण श्रेष्ठ र हरिवंश आचार्य एवम् २०७८ सालमा अर्थविद डा. भोगेन्द्र झालाई महामुर्खको उपाधि प्रदान गरिएको थियो ।

# ठाकुर र नेम्वाङबीच भेटवार्ता

मधेशदृष्टि
काठमाडौ, १९ फागुन । लोकतान्त्रिक समाजवादी पार्टी, नेपालका अध्यक्ष महन्थ ठाकुरसँग नेकपा एमालेबाट राष्ट्रपति पदका उम्मेदवार सुवासचन्द्र नेम्वाङले भेटवार्ता गरेका छन् । नेम्वाङ र ठाकुरबीच शुक्रबार राजधानीमा भेटवार्ता भएको हो । भेटवार्तामा राष्ट्रपतिका उम्मेदवार नेम्वाङले आफूलाई राष्ट्रपतिमा सहयोग गर्न अध्यक्ष ठाकुरलाई आग्रह गरेका छन् । भेटका क्रममा उम्मेदवार नेम्वाङले आफूलाई राष्ट्रपतिमा मतदान गर्न आग्रह गरेका र अध्यक्ष ठाकुरले पार्टीको बैठकबाट निर्णय गर्ने बताएका लोसपा नेता राजेन्द्र महतोले जानकारी दिए ।





उनले आफू ८ दलीय गठबन्धनमा सहभागी रहेकाले पार्टीको बैठकबाट नै यसबारेमा निर्णय गर्ने जवाफ दिएको बताए । उनले भने, 'हामी ८ दलीय गठबन्धनमा सहभागी छौं । र पनि उहाँले आग्रह गर्नुभएको छ । हाम्रो अध्यक्षले पार्टीको बैठकमा आग्रह गर्छौं, कुरा गर्छौं भनेको छ ।'

# मधेश आयोगको अध्यक्ष र बंगलादेशी प्रतिनिधिबीच भेट



मधेशदृष्टि
काठमाडौ, १९ फागुन । मधेसी आयोगका अध्यक्ष डा.विजयकुमार दत्त सहित आयोगका पदाधिकारीहरूसँग नेपाल भ्रमणमा रहेका बंगलादेश सरकारका प्रतिनिधिहरू, बंगलादेश मानवअधिकारआयोगकापदाधिकारी तथा मानवअधिकारकर्मीहरुले भेटघाट गरेका छन् ।

मधेसी आयोगको कार्यालयमा भएको सो भेटमा बंगलादेशी टोलीले मधेसको सिराहा र सप्तरी जिल्लामा बंगलादेश सरकारको सहयोगमा विभिन्न समाज कल्याण सम्बन्धित आयोजनाहरू सञ्चालनमा रहेको जानकारी गराउँदै सो आयोजनामा आयोगको तर्फ बाट सहयोग गर्न अध्यक्ष डा.दत्तलाई अनुरोध गरेका छन् । सो भेटघाटमा दुवै देशमा मानवअधिकारको अवस्था तथा चुनौतीको विषयमा समेत छलफल भएको छ । आयोगका अध्यक्ष डा.दत्तले तराई-मधेस सहित नेपालका हजारौं विद्यार्थीहरू बंगलादेशमा अध्ययनरत रहेको र उनीहरूको मानवअधिकारको संरक्षण तथा संवर्द्धन गर्नु त्यहाँको सरकारको समेत दायित्व रहेको बताउँदै विद्यार्थीहरू माथि आउने विभिन्न किसिमका समस्याहरूको निदानार्थ बंगलादेश सरकारले आवश्यक रणनीति बनाउनु पर्ने कुरामा जोड दिएका छन् । सो छलफलमा अध्यक्ष डा.दत्तले नेपाल र बंगलादेश एक अर्काको हितैषी मित्र रहेको र आगामी दिनमा विभिन्न क्षेत्रहरूमा दुवै देशले एक अर्कासँग समन्वय तथा सहकार्य गरी अगाडी बढ्नुपर्ने कुरा समेत बताएका छन् ।

# यसरी हुँदैछ ८ दलीय गठबन्धनको सत्ता भागबण्डा



मधेशदृष्टि
काठमाडौ, १९ फागुन । आठ दलीय गठबन्धनभित्र सरकारबारे प्याकेजमै सहमति हुन लागेको छ । गठबन्धनका शीर्ष नेताहरू सरकारबारे प्याकेजमै सहमति गर्ने पक्षमा पुगेका हुन् । तर राष्ट्रपति निर्वाचनले मन्त्रिपरिषद् विस्तारमा विलम्ब हुने भएको छ । फागुन २५ मा राष्ट्रपति निर्वाचन भइसकेपछि मन्त्रिपरिषद् विस्तार हुने कांग्रेस संसदीय दलका प्रमुख सचेतक रमेश लेखकले बताए । उनका अनुसार अहिले आठ दलीय गठबन्धन राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनको गृहकार्यमा छ ।

कांग्रेस उपसभापति पूर्णबहादुर खड्का प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले संसदबाट विश्वासको मत लिएपछि मात्रै सरकार विस्तार हुने बताउँछन् । उनले भने, 'राष्ट्रपति र उपराष्ट्रपति निर्वाचन सकिन्छ र प्रधानमन्त्रीले विश्वासको मत लिएपछि मात्र सरकार विस्तारको चरण प्रारम्भ हुन्छ ।' प्रधानमन्त्रीले विश्वासको मत लिएको दुई/तीन दिनभित्र मन्त्रिपरिषद् विस्तार हुने खड्काले भने ।

सांसदको संख्याको अनुपातमा मन्त्रालय भागबण्डाको मापदण्ड बनाउनु पर्ने पक्षमा कांग्रेस छ । गृह वा अर्थ, परराष्ट्र र स्वास्थ्यसहित १० मन्त्रालयमा कांग्रेसको दाबी छ । कांग्रेसका सन्दर्भमा यसअघि एमालेले पाएको मन्त्रालय संख्यामा कम नहुने गरी गठबन्धनमा सहमति हुनेमा शंका नरहेको लेखकको भनाइ छ ।

यता जसपा र एकीकृत समाजवादीले तीन-तीन मन्त्रालयको दाबी गरेको छलफलमा सहभागी एक नेताले बताए । लोसपाले दुई मन्त्रालयको दाबी गरेको छ भने नागरिक उन्मुक्ति पार्टी रेशम चौधरी रिहा नभएसम्म सरकारमा नजाने अडानमा छ । यस्तै आठ दलीय गठबन्धनमा रहेको राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले सरकारमा सहभागी नहुने बताए । गठबन्धनको छलफलमा सहभागी कांग्रेसका एक नेताका अनुसार पावर सेयरिङमा एकीकृत समाजवादीलाई ३ मन्त्रालय दिने कुरामा खासै समस्या छैन । उनका अनुसार उपराष्ट्रपति पाएको जसपाले भने दुई वटामात्र मन्त्रालय पाउने छ ।

लोसपाले एउटा मन्त्रालय पाउन सम्भावना छ । मन्त्रालय भागबण्डाको सन्तुलन मिलाउने गरी केही दललाई संसदीय समितिको सभापति दिइने छ । १० वटा संसदीय समितिमा कांग्रेसले ४ वटामा दाबी गरेको छ । सार्वजनिक लेखा समिति विपक्षीले पाउने भएकाले ८ दलीय गठबन्धनमा ९ वटा समितिमात्र भागबण्डा हुनेछ । माओवादीले २, एकीकृत समाजवादी, जसपा, लोसपालाई एक-एक समितिको नेतृत्व दिने गरी सहमति हुन सक्ने कांग्रेस स्रोत बताउँछ ।

कांग्रेस नेताहरूका अनुसार राष्ट्रिय स्वतन्त्र पार्टीलाई पनि सरकारमा सहभागी गराउने प्रधानमन्त्री प्रचण्डको योजना छ । कांग्रेस सभापति शेरबहादुर देउवाले बुधबार बिहान पार्टीका शीर्ष नेतासँगको छलफलमा प्रधानमन्त्री प्रचण्डले रास्वपालाई पनि सरकारमा सहभागी गराउने संकेत दिएको बिफ्रिङ गरेका थिए । रास्वपा सरकारमा सहभागी भए तीन मन्त्रालय पाउने निश्चित छ । यसअघि पनि रास्वपा उपप्रधान तथा गृहमन्त्रीसहित तीन मन्त्री र एक राज्यमन्त्री लिएर सरकारमा सहभागी भएको थियो ।

यस विषयमा प्रधानमन्त्री प्रचण्डले कांग्रेसका नेताहरूसँग पनि छलफल गरेको पाइएको छ । कांग्रेसका नेताहरूले रविको मुद्दा मिलाउने मामिलामा नलाग्न सभापति देउवालाई सुझाव दिएका छन् । पछिल्लो समय रवि लामिछाने र प्रधानमन्त्री प्रचण्डबीच सरकारमा सहभागिता र रविको राहदानी मुद्दाबारे छलफल भइरहेको बालुवाटार स्रोतको दाबी छ ।

### प्रदेशमा भागबण्डा

सात प्रदेशमध्ये ४ प्रदेश सरकारको निरन्तरता हुने सहमति गठबन्धनमा भइसकेको छ । जसपा नेतृत्वको मधेस, माओवादी नेतृत्वको बागमती, कर्णाली र कांग्रेस नेतृत्वको सुदूरपश्चिम प्रदेश सरकारले निरन्तरता पाउने छ । एमाले नेतृत्वको कोशी, गण्डकी र लुम्बिनी प्रदेशमा नयाँ सरकार निर्माणका लागि गठबन्धनमा सहमतिको प्रयास भइरहेको छ । सातमध्ये चार प्रदेशको मुख्यमन्त्रीमा कांग्रेसको दाबी छ ।

पुस १० मा सात दलीय गठबन्धन हुँदा एमालेले पाएका चार प्रदेशको नेतृत्व हत्याउने कांग्रेसको रणनीति छ । एमाले नेतृत्वको सरकार ढलेपछि सुदूरपश्चिममा कांग्रेस नेतृत्वको सरकार छ । गण्डकी र लुम्बिनीमा कांग्रेस नेतृत्वको सरकार बन्नेमा खासै समस्या नरहेको कांग्रेस नेताहरू बताउँछन् ।

गण्डकीमा एमाले सरकार ढल्दा प्रदेशसभाको सबैभन्दा ठुलो दलको हैसियतले कांग्रेसको नेतृत्वमा स्वतः सरकार बन्ने छ । लुम्बिनीमा एमाले नेतृत्वको सरकार ढलेपछि पुनः एमाले नेतृत्वको सरकार बन्ने सम्भावना छ । प्रदेशसभाको ठुलो दलको हैसियतले एमालेले एक महिना सरकारको नेतृत्व गरेर त्यो सरकारले विश्वासको मत लिन नसकेपछि मात्र त्यहाँ आठ दलीय गठबन्धनको सरकार बन्ने देखिन्छ ।

कोशी प्रदेशमा पनि एमाले सरकार ढाले पनि नयाँ सरकार बनाउन झमेला छ । यहाँ कांग्रेस नेतृत्वको ८ दलीय गठबन्धनलाई सरकार बनाउन सभामुखको भूमिका निर्णायक हुने देखिएको छ।कोशी प्रदेशमा कांग्रेस, माओवादी र एकीकृत समाजवादीबीच पहिलो चरण सरकारको नेतृत्वका लागि हानथाप छ । केन्द्रीय सरकारको सहभागिताको अवस्था हेरेर प्रदेशमा मुख्यमन्त्री र मन्त्रीको भागबण्डा हुने कांग्रेसका एक पदाधिकारीले बताए ।

# विद्युत चुहावटमा संलग्न सात जना पक्राउ

मधेशदृष्टि
सप्तरी, १९ फागुन । नेपाल विद्युत प्राधिकरण राजविराज र सशस्त्र प्रहरीको संयुक्त टोलीले शुक्रवार विद्युत चुहावट गर्ने सात जनालाई पक्राउ गरेको छ ।

जिल्लाको विष्णुपुर गाउँपालिका वडा नम्बर २ बाट ६ जना र वडा नम्बर ४ बाट एक जनालाई पक्राउ गरिएको हो ।

पक्राउ पर्नेहरुमा विष्णुर गाउँपालिका २ स्थित सिमरहा बस्ने ५० बर्षीय लतर मुखिया, ५१ बर्षीय राजदौ यादव, ३२ बर्षीय दुखिलाल यादव, ३९ बर्षीय रमेश साह, ५१ बर्षीय जिवछ यादव, ५२ बर्षीय रवि साह र सोही गाउँपालिका वडा नम्बर ४ स्थित कनकटा बस्ने ४९ बर्षीय गोविन्द साह रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।



चुहावटमा पक्राउ परेका उनीहरुलाई आवश्यक कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय सप्तरीमा बुझाईएको जिल्ला प्रहरी प्रवक्ता नरेशकुमार सिंहले जानकारी दिए ।

पक्राउ परेकाहरुले पहिलो पटकका लागि जनही १५ हजार पाँच सयका दरले जरिवाना बुझाएर मात्रै छोडिने नेपाल विद्युत प्राधिकरण राजविराज वितरण केन्द्रका प्रमुख मधुसुदन यादवले बताए ।

उनले चुहावट नगर्न पटक-पटक प्राधिकरणले सूचना जारी गर्दै आएको भएपनि अटेर गरी चुहाबट गर्नेहरुलाई नियन्त्रणमा लिएर कारवाही गर्ने भएकाले यस्ता गैर कानुनी काम नगर्न सबै संग आग्रह गरेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## राशिफल

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
हिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् । आर्थिक कारोबारमा सफलता पाइएला । लाभदायक यात्रा होला ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज राजनैतिक र सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । कलासाहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
शरीरमा स्फूर्ति र उमङ्गको कमी आउनेछ । मालसामान हराउन सक्छ । ससाना समस्यामा अल्झनुपर्नेछ, तर साँझमा आर्थिक लाभ मिल्न सक्छ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ । रमणीय र सुखद् यात्राको योग छ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । घरमा अतिथिको आगमन पनि हुन सक्छ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
ाज शुभारम्भको चर्चा चल्नेछ । सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । भ्रमणको योग पनि छ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हात पार्न नसकिएला । सहकर्मीबाट विरोध आउला । नियमित खर्चसमेत बढ्ने योग पनि छ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज नयाँ र शुभकार्यको चर्चा चल्नेछ । पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ । रमाइलो यात्राको सम्भावना पनि रहेको छ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज भाग्यले विभिन्न अवसर जुराउनेछ । घरमा अतिथिको आगमन हुनेछ । महत्त्वपूर्ण कामको थालनी हुनेछ, साँझमा भने चिन्ता बढ्नसक्छ ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला । न्यायिक कार्यमा सफलता मिल्नेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज समय मध्यम खालको छ । आफूले ठीक मानेर गरेको काममा आफैंलाई सन्तुष्टि मिल्ने छैन । सोचेजतिका कामहरूमा विघ्नबाधा आउनसक्छ ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
ठीक समयमा सही निर्णय लिन सकिनेछ । वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ । लाभदायक यात्रा पनि हुनेछ ।

# टुट्दो महाशक्ति बन्ने चिनिया सपना

*नोमुराले गरेको एक विश्लेषण अनुसार अप्रिल सन् २०१८ देखि अगस्त२०१९ सम्म चीन छोड्ने कम्पनीहरु मध्ये अधिकांश भारत, भियतनामा, थाईल्याण्डतिर लागिसकेका छन् । यसरी नै विश्वको पूँजी निवेश लगानी (एफडिआई) पनि उपरोक्त देशतिर नै बढी भएको छ । चीन यसरी विदेशी कारखाना विहीन हुँदैछ । विगत दुई वर्षमा आठसय जति जापानी कम्पनीले चीन छोडेका छन् ।*



**– श्रीमन नारायण**

शुन्य कोभिड नीतिको असफलताका कारण चिनियाँ शक्तिको पूनमूल्याङ्कन भईरहेको छ । चीनको कुल गाहस्थ उत्पादन (जीडीपी) ले सन २०३० सम्म वा त्यसको केही समयपछि अमेरिकालाई उछिन्ने धेरैले विश्वास गरेका थिए तर चीन कहिल्यै अमेरिकालाई उछिन्न सक्ने छैन । कतिपयले त चीन आफ्नो चरम अवस्थामा पुगिसकेको र अब यस भन्दा अझबढी विकास गर्न नसक्ने विश्लेषण पनि गर्देछन्। कोभीड-१९ संक्रमणबाट उत्पन्न परिस्थिति, वि.आर.आई अन्तरगतको ऋण उठन नसक्ने अवस्था र लोकतन्त्रप्रतिको उसको विपरित नीतिका कारण विश्वसमूदायबाट चीन एक्लिईरहेको अवस्था छ । जापान-अमेरीका र युरोपेली राष्ट्रहरु आफ्नो ठूला-ठूला कम्पनीहरुलाई चीनबाट हटाएर अन्य देशमा खोल्दै जानुले पनि चीनको आर्थिक प्रगतिको सपनामा ब्रेक लगाएको छ। विश्व शक्ति बन्ने उसको सपनामाथि पनि ब्रजपात भईरहेको छ । आर्थिक वृद्धिदरको मामिलामा भारत पनि उसलाई उछिनेर अगाडि बढिरहेको अवस्था छ।

लोकप्रिय विश्वासको ठीक विपरीत चिनिया अर्थतन्त्र विश्वकै सबैभन्दा ठूलो होइन । सन् २०१४ मा चीनले क्रयशक्ति समानता (जीडीपी) का सन्दर्भमा अमेरिकी अर्थव्यवस्थालाई उछिनेको थियो। समग्र आर्थिक उत्पादनमा चीनले कुनै दिन अमेरिकालाई उछिनेको भएपनि (जीडीपी) मात्रै भू-राजनीतिक शक्तिको सूचक होईन। वास्तवमा (जीडीपी) अर्थशास्त्रीहरुले लोककल्याणको अनुमान तुलनागर्न बनाएको एक संयन्त्र हो । चीन सैन्य र सफ्ट पावर (सैन्य शक्ति) सुचकांक अमेरिका भन्दा निकै पछाडि छ र युरोप, जापान एवं अष्ट्रेलिया जस्ता अमेरिकी सहयोगीलाई पनि हेर्ने हो भने चीनको सापेक्षिक आर्थिक शक्ति झनै घट्छ। अब त सैन्य शक्तिको मामिलामा भारतले पनि चीनलाई सशक्त प्रतिस्पर्धा गरिरहेको छ भने आगामी दिनमा आर्थिक प्रगतिको मामिलामा पनि भारतले चीनलाई उछिन्न सक्ने छ। चीनले हालका समयमा आफ्नै सैन्य क्षमता बढाएको छ तर अमेरिका-जापान गठबन्धन शीतयुद्ध अन्त्य भएयता सबैभन्दा बलियो छ । अमेरिकाले आफ्नो गठबन्धन र आधार कायम राख्दासम्म चीनले जापानलाई पशचिम प्रशान्त क्षेत्रबाट बाहिर राख्नसक्ने छैन । पर्सियनखाडी र हिन्द महासागरमा अमेरिकी नौसैनिक प्रभुत्वमा चीनको उर्जा आपूर्तिको पर्दाफास भएपछि ताईवान(वा दक्षिण चीन सागरमा) हुने नौसैनिक द्धन्द त्यस क्षेत्रमा मात्रै सीमित रहने छ भनेर सोच्नु चिनिया नेतृत्वका लागि गल्ती हुनेछ।

चीनले आफ्नो सफ्टवेयर पावरमा पनि महत्वपूर्ण लगानी गरेको छ तर यसमा दुईवटा महत्वपूर्ण बाधा रहेको छ । पहिलो जापान भारत र छिमेकीसँग उसको क्षेत्रीय विवाद रहेको छ भने घरेलु मामिलामा चिनिया कम्युनिष्ट पार्टीको तानाशाही पकडले गर्दा पशचिम गतिशील नागरिक समाजको लाभबाट चीन बन्चित रहेको छ। चीनले विगत एकदशकमा बेल्ट एण्ड रोड इनिसिएटिभ मार्फत पूर्वाधार परियोजना अन्तर्गत विश्वभरिमा १० अर्ब डलर भन्दा बढी ऋण लगानी गरेको छ तर उसले दिने गरेको ऋणको ब्याज दर चर्को हुने गरेको कारण कतिपय देशहरुलाई आफू चिनिया ऋणको पासो परेको अनुभूति हुन थालेको छ र ति देशहरुको सम्बन्ध चीनसँग धेरै राम्रो रहेको छैन। श्रीलंका यसको उदाहरण हो।

सन् २०१८मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिका फस्ट (अमेरिका पहिलो) को नारा दिएर चीन विरुद्ध व्यापार युद्धको घोषणा गऱ्यो। उसले कैयौ पटक चीनले निर्यात गर्ने बस्तुहरुमाथि भन्सार (कस्टम) शुल्क व्यापक रुपमा बढायो ताकि चिनिया सरसामान अमेरिकामा यति महंगो होऊन कि अमेरिकीहरुले चिनिया वस्तुलाई ताक्न त के हेर्ने पनि छैनन्। ट्रम्पले पहिलो खेपमै ६हजार आठसय चालिस वस्तुहरुमा भन्सार बढाईदिए । अर्कोतिर चीनभित्रै गतदशकमा श्रमिकहरुको ज्याला यति बढेर गयो की चिनिया सरसमानहरुको उत्पादनमूल्य अत्याधिक रुपमा बढेर गयो । त्यसपछि चीनले आफ्नो विकसित स्थानको फाइदालाई सामरिक सैन्य क्षमता निर्माण गर्नमा भव्यरुपमा लगाउदा ऊ पनि अमेरिकाजस्तै विश्वस्तरमा खेल्ने महाशक्ति कै रुपमा अघि बढ्न थाल्यो। सबैलाई धम्कि दिने भयो चीन। आफ्नै देशभित्र तिव्वत र सिनजयाङ्ग क्षेत्रहरुमा दमन गर्न थाल्यो। हङ्गकङ्ग ताईवानमा तनावपूर्ण स्थितिहरु अघि ल्यायो, उत्तर कोरीयासँग मिलि दक्षिण कोरिया र जापानलाई आतङ्कित तुल्याउन थाल्यो अनि अफ्रिका र मध्यएसियामा समेत सामरिक प्रभाव बढायो। बेल्ट एण्ड रोड इनिसिएटिभका माध्यमले विश्वलाई नै हल्लाउने बाटाघाटा बन्दरगाह रेल मार्ग पानी जहाज आदि कुना कुनामा निर्माण गर्न थालेपछि उसका कतिपय मित्र राष्ट्रहरु नै काँधमा काँध मिलाएर सहयोग गर्न थाल्यो।

जापान, चीन, अष्ट्रेलिया, दक्षिण कोरीया, र पर्शचिमेली देशका कम्पनीहरु सस्तो श्रमिक लागतका कारण चीनमा आफ्नो कारखाना लगाएका थिए । तर तिनकै लगानीबाट चीन आर्थिक रुपले बलियो र शक्तिशाली मात्रै होईन विस्तारवादी एवं साम्राज्यवादी नीति समेत अपनाउन थालेपछि ति देशहरु चनाखो हुन थाले। भारतसँगको सीमाना अतिक्रमण विवाद, भुटानसितको डोक्लाममा बाटोघाटो निर्माण अनि पाकिस्तान र म्यानमारमा आर्थिक करिडोर बनाउन थालेपछि सामरिक ढंगमा आघात पुगेका राष्ट्रहरुबीच चीनविरुद्ध अभूतपूर्व गठबन्धन हुन थाल्यो। यसरी इण्डो प्यासिफिक सोचको जन्म भयो।

सन् २०२०–२१ को विश्वव्यापी महामारीले विश्वको उत्पादन श्रृंखला चीनमाथि नै निर्भर भएको कुरालाई प्रमाणित गऱ्यो । औषधिदेखि गाडी-वाहन सम्म ल्यापटपदेखि बिजुली बल्भसम्म र मेसिनदेखि मोबाइल फोनसम्मका निम्ति सम्पूर्ण विश्व चीनमाथि नै निर्भर थियो । यस्तै अनेकौ कारणले चीनमा बसालिएका अमेरिकी, जापानी, युरोपेली कम्पनीहरु अब विस्तारै चीन छोड्ने तरखरमा लागेका छन् । अमेरिकाको एप्पल-आईफोन भारतमा आउने भयो धेरै जापानी कम्पनी भियतनाम थाइल्याण्ड भारत र फिलिपिन्स तिर पलायन भए। चीनमा सरसमान उत्पान गरेर अमेरिकामा बेच्ने एप्पल, एलजी, डेल, माइक्रोसफ्ट, गुगल, अमेजन, सोनी, निनलेन्डो, लेनोभो, एसर आदि सवै चीन छोड्ने तरखरमा छन्, कतिपयले त छोडिपनि सके । तिनीहरुका निम्ति सस्तो श्रम भएका मुलुक नै उपयुत्त गन्तव्य भएका छन् । नोमुराले गरेको एक विश्लेषण अनुसार अप्रिल सन् २०१८ देखि अगस्त२०१९ सम्म चीन छोड्ने कम्पनीहरु मध्ये अधिकांश भारत, भियतनामा, थाईल्याण्डतिर लागिसकेका छन्। यसरी नै विश्वको पूँजी निवेश लगानी (एफडिआई) पनि उपरोक्त देशतिर नै बढी भएको छ। चीन यसरी विदेशी कारखाना विहीन हुँदैछ । विगत दुई वर्षमा आठसय जति जापानी कम्पनीले चीन छोडेका छन्। जति पनि विदेशी कम्पनीहरु चीनबाट निस्किन्छन उतिउति विश्व अर्थव्यवस्थामा उसको प्रभाव कमजोर हुनेछ । चीन छोडेका कम्पनीहरुलाई दक्षिण एसियाका राष्ट्रहरुमा प्रभावित आकर्षण गर्न सकिए ठीकै हुनेछ। एप्पलले आईफोन-फोन भारतमा निर्माण गर्ने घोषणा गरेपछि चीनलाई ठूलो धक्का पुगेको मानिन्छ। संभव भए चीन छोड्ने केही विदेशी कम्पनीलाई नेपालमा पनि आकर्षित गर्ने प्रयास हुनुपर्छ । चीनका उसका छिमेकी राष्ट्रहरुसित पनि सीमाना विवाद रहेको छ ।१४ भन्दा बढी छिमेकी देशसित उसको सीमाना विवाद रहेको छ। सीमाना विवाद भएका देशहरुलाई आर्थिक प्रगति गर्न कठीन हुने गर्दछ। सन् २०२२ मा विश्वका विपन्न७४ मुलुकको बाह्य ऋणको कुल किस्ता ३५ अर्ब अमेरिकी डलर थियो । जसमा चीनको हिस्सा १३ अर्ब १० करोड करोड अर्थात ३७ प्रतिशत थियो। प्रिन्सटन इन्स्टिचूट फर इन्टरनेशनल इकोनोमिक्स अनुसार पछिल्लो समयमा विपन्न मुलुकका कुल बाह्य ऋणमा ५० प्रतिशत भन्दा वढी हिस्सा चीनको रहेको छ तर एक अग्रणी ऋणदाताका रुपमा चीनको उदयले समस्याहरु पनि सिर्जना गरेको छ। किनभने उसले पेरिस क्लवमा समावेश हुन अस्वीकार गरेको छ। पेरिस क्लवका सदस्यहरुले आफूलाई आसामी मुलुकले तिर्नुपर्ने रकमबारे जानकारी साझा गर्छन तर चीन त्यस्तो गर्दैन न ऊ बहुपक्षीय ऋण पुनर्संरचना व्यवस्थामानै अर्थपूर्ण रुपमा सहभागि हुन इच्छुक छ। यसको सट्टा चीन ऋण सम्झौताहरुलाई गोप्य राख्न खोज्छ साथै एउटा निकाय भन्दा पनि विभिन्न एजेन्सी मार्फत ऋण प्रवाहित गर्ने गर्दछ। सन् २०२० मा चीनसहित जी २०, समूहले विकासशील मुलुकको ऋण संकट समाधानार्थ एउटा साझा खाकामा सहमती जनाएको थियो तर त्यसमा खासै प्रगति हुन सकेको छैन। चिनिया ऋण वा ऋणको किस्ता तिर्न नसक्ने मुलुकको संख्या निरन्तर बढ्दो छ। जाम्विया र श्रीलंकाले आफैलाई डिफल्ट घोषित गरी सकेका छन् भने पाकिस्ताका रक्षामन्त्रीले पनि आफ्नो देश डिफल्ट भईसकेको स्वीकार गरेका छन् । ऋण पूनर्संरचनामा सबैमुख्य साहु मुलुक सहमत नहुँदा र मौजुदा ऋणलाई दिगो नबनाउँदासम्म आईएमएफले ऋण स्वीकार गर्ने छैन यस्तो अलमलले थुप्रै विपन्न मुलुकलाई खतरामा पारेको छ । गरिब र विकासशील मुलुकहरुमा ऋण मात्रै प्रवाहित गरेर विश्व शक्ति बन्ने चिनिया महत्वाकांक्षा माथि अवरोध पुगिरहेको मान्नै पर्छ।

**निबन्ध**

# उमेर



**– जेबी खत्री**

*मानवीय गुण नै हो कि के हो । मानिसले आफूलाई सधैँ कम उमेरको सम्झने । दारीजुँगाको रहर हुँदाहुँदै शारिरिक अङ्गप्रत्यङ्गको विकास हुँदै शरीरको छाला चाउरी परेर लठ्ठी टेक्ने बेला भइसक्दा पनि आफूलाई भर्खरकै उमेरको ठान्ने*

उमेर भन्नाले कुनै व्यक्ति वा प्राणी विशेषको जन्मेदेखि हालसम्मको वा मृत्यु नभएसम्मको अवस्थालाई वताउँछ। तँ कति वर्षको भइस ? तिमी कति वर्षका भयौ ? तपाइँ कति वर्षको हुनुभयो ? हजुर कति वर्षको होइस्यो ? तेरो छोरा कति वर्षको भयो ? तेरी छोरी कति वर्षकी भई ? तेरो भाइ कति वर्षको भयो ? तेरी वहिनी कति वर्षकी भई ? आदि,इत्यादि । यो उमेर भन्ने कुरा यस्तो रहेछ। जसले आयु घटाउँदै लान्छ । आफैँमा उमेर बढ्दै जान्छ । उमेर घटाउँन बढाउँन सकिन्छ तर आयु घटाउँन सकिएला बढाउँन सकिदैन । सामान्यतःसामुहिक आयु औसतमा तोक्न सकिएला तर कुनै व्यक्ति विशेषको आयु ठ्याक्कै यति हो भनेर तोक्न सकिन्न।

सन्सारमा मानिस मात्र यस्तो प्राणी हो जसले आफ्नो उमेर बढाउँन चाहदैन । बरू आयु घटाउला अरे कसैले तर उमेर घटाएर वताउँन चाहदैन । लाभदायक हिसाबले अपबादको रूपमा कसैले घटाउँनु छुट्टै कुरा हो। तपाइँ आफ्ना दामले जस्ता लाग्ने जो कोहीलाई सोध्नुहोस । उनीहरूले तपाइँलाई एक,दुई त के दुई,चार वर्षले तपाइँ भन्दा जेठो भएपनि तपाइँको उमेरको अन्दाज गरेर मात्र उत्तर दिन्छन् कि तपाइँ भन्दा आफू एक दिनले भएपनि कान्छो ठहरिन सकियोस।

मैले धेरै इमान्दार मानिसहरूले पनि आफ्नो उमेरका बारेमा अरूहरूलाई वताउँदा ढाट्ने गरेको पाएको छु। मानिसले आफ्नो उमेर अर्कालाई ढाँटेर जित्ने भनेको आफू कम उमेरको वा योङ् देखिन खोज्नु नै हो । मानिसलाई बुढो वा पाको हुन मन हुँदैन । सधैँ योङनै देखिन पाए हुन्थ्यो । आफ्नो उमेर भन्दा शारीरिक रूपमा तन्दुरुस्त नै देखिन पाए हुन्थ्यो भन्ने हुँदो रहेछ। मैले बुझ्न नसकेको कुरा के भने मानिसले आफ्नो उमेर जति घटाएर वताए पनि आखिर उसको आयु त बढ्ने होइन।

कोही बूढो हुन चाहदैन । भर्खरकै हुन चाहन्छ । आफ्नो उमेर सही नबताउँने बानी नै परिसक्यो। आफूलाई सधैँ योङ सम्झने बानी छ नेपालीहरूमा। केश फुलेर छाला चाउरी परिसके पनि उसलाई बुढेशकालले छोयो भन्ने लाग्दैन। अझै उमेरदार नै छु भन्ने सम्झन्छ। बरू उल्टै मान्छे बूढो भएर के भो र मन बूढो भएको छैन भन्ने जस्ता टुक्का सुन्न पाइँन्छ। अरूका के कुरा मैलाई धेरैले ढाँटेर म भन्दा जेठा पनि म भन्दा कान्छो बनेका उदाहरणहरू प्रसस्तै छन्।

आफू भन्दा दुई,चार वर्षले जेठाहरू पनि दाइ भनेर बोलाउँछन् । दाइ भनेर सम्बोधन गरेपछि मुर्सुर्रिएर भएपनि भाइ त भन्नै पऱ्यो । कसैको उमेर एकिन गरेर हेर्नलाई उसका कागजात हेर्नै पर्ने हुन्छ। त्यसमा पनि कहाँ सही हुँदो रहेछ र त्यहाँ पनि कतिपयले त फरक विवरण पो दिएका हुँदा रहेछन्। कसैले विदेश जान उमेर नपुगेर उमेर बढाएका हुँदा रहेछन्। कसैले बढी भएर घटाएका हुँदा रहेछन्। कसैले जागिर खान उमेर नपुग्दा बढाएका हुँदा रहेछन् । कसैले जागिर खान उमेर घटाएका हुँदा रहेछन् । कसैले विहे गर्न पनि उमेर घटाएको बढाएको पाइँन्छ। केटाको उमेर केटीको भन्दा धेरै वर्षले फरक वा बढी छ भने पनि केटाले आफ्नो उमेर केही वर्ष घटाएर केटीकै दामले वा सुहाउँदो बुझ्दो बनाएर वताउँने गरेको र केटीको उमेर केटाको भन्दा बढी भएपनि त्यसरी नै केटीले पनि आफ्नो उमेर त्यसरी नै घटाएर केटाको उमेरसँग मिल्दोजुल्दो वा सुहाउँदोबुझ्दो बनाएर वताउँने गरेको पाइन्छ । यो त फाइदा वा इमानको हिसावले उमेर घटाएको बढाएको होला। यिनका कुरा छोडौँ यिनका पछाडी स्वार्थ छ। स्वार्थले नै त हो मानिसलाई बेकुब बनाउँने भनेको । यहाँ मैले उठाउँन खोजेको कुरा सामान्यतःमानिस एकले अर्कोलाई आफ्नो सही उमेर वताउँन किन हिचकिचाउँछ ? भन्ने हो । सामान्य भेटघाटमा मानिसले तिम्रो उमेर कति भयो भनेर सोध्ने भनेको एउटा प्रसङ्गवस वा कुनै काम विशेषले सोधिने कुरा हो। कसैले कसैलाई आफ्नो सही उमेर वताउँदा के नै विग्रन्छ र । न उसको उमेर कसैले खोसेर लगिदिन्छ। न कसैले थपघट नै गरिदिन्छ। मानिसले सत्य बोल्दा के हुन्छ ? प्रश्न यो हो। मैले धेरै इमान्दार मानिसहरूले पनि आफ्नो उमेरका बारेमा अरूहरूलाई वताउँदा ढाट्ने गरेको पाएको छु। मानिसले आफ्नो उमेर अर्कालाई ढाँटेर जित्ने भनेको आफू कम उमेरको वा योङ् देखिन खोज्नु नै हो । मानिसलाई बुढो वा पाको हुन मन हुँदैन । सधैँ योङनै देखिन पाए हुन्थ्यो । आफ्नो उमेर भन्दा शारीरिक रूपमा तन्दुरुस्त नै देखिन पाए हुन्थ्यो भन्ने हुँदो रहेछ। मैले बुझ्न नसकेको कुरा के भने मानिसले आफ्नो उमेर जति घटाएर वताए पनि आखिर उसको आयु त बढ्ने होइन । एकछिन्लाई ढाँटे पनि उसले सधैँभरिलाई त ढाँट्न सक्दैन। ढाँटेको कुरा काटे मिल्दैन। एक दिन न एक दिन त कुनै न कुनै रूपमा यथार्थ त प्रस्टिन्छ नै । किन यसरी ढाँट्नु होला !

एक दिन बिर्तामोडबाट फिदिम जाँदै गर्दा एक जना अदबैँसेले सोधे,दाइ कहाँसम्म जाने हो ? मैले यसो नियालेर उत्तर दिएँ फिदिमसम्म हो दाइ। उनले पनि मलाई दाइ भनेर सम्बोधन गरे । उनले मेरो उमेर विचार गरेर दाइ भने वा त्यतिकै। मैले चाहिँ उनलाई राम्रोसँग नियालेर र उनको उमेर पनि राम्रोसँग विचार गरेर अन्दाजी दाइ भनेँको थिएँ। उनले पहिले दाइ भनेर सम्बोधन गरेपछि मैले भाइ भन्नु पऱ्थ्यो। मैले भाइ नभनी दाइनै भनेर सम्बोधन गरेँ । मैले उनको उमेर विचार गरेरै अन्दाज गरेको थिएँ । भरे गाडी भित्र पस्दा त हाम्रो सिटसँगै परेछ। मेरो झ्यालको छेउतिर उनको वर्तिरपटि। उनले फेरि भनेँ, दाइ तपाइँ यतापटि बस्नुहोस म झ्यालको छेउपटि बस्नुपऱ्यो । पहाडको बाटो फेरि यात्रा लामो छ । मलाई त बान्ता आउला जस्तो पो हुन्छ त । यो पटक मैले उनलाई नियालीरहिन । बान्ता आउला जस्तो हुन्छ भनेपछि भरे लुगा पो बिगारिदिने हुन् कि भन्ने डरले चुपचाप झ्यालपटिको सिट उनलाई छोड्दिएँ। आ-आफ्नो सिटमा बसिसकेपछि गफ चल्न थाल्यो। म पनि गाडीमा बसिसकेपछि चुप लागेर बस्न नसक्ने। उनको पनि बानी त्यही रहेछ। गफ लाउँन थाले। भरे गफ गर्दै र चिनापरिचय गर्दै जाँदा त उनी म भन्दा तीन-चार वर्षले जेठा रहेछन्। तै पनि गफ गर्दै जाँदा बेलाबेला मलाई उनी दाइ नै भनिरहन्थे।

मानवीय गुण नै हो कि के हो । मानिसले आफूलाई सधैँ कम उमेरको सम्झने । दारीजुँगाको रहर हुँदाहुँदै शारिरिक अङ्गप्रत्यङ्गको विकास हुँदै शरीरको छाला चाउरी परेर लठ्ठी टेक्ने बेला भइसक्दा पनि आफूलाई भर्खरकै उमेरको ठान्ने ।

एक पटक धनकुटाबाट धरानतर्फ आउँदै थिएँ। मेरो छेउको सिट धनकुटाबाटै खाली थियो। बस्ने मान्छे नआएपछि मैले त्यो सिटमा मेरो झोला राखेको थिएँ । कोही मान्छे सिट सोध्दैखोज्दै आएछन् भने चाहिँ झोला झिकिदिउँला भनेर राखेको कोही आएन । सायद कसैले सिट रोकेर राखेको होला ठाने हुन् । धनकुटाबाट गाडी छुट्यो धरानका लागि। केही तल गुठीटार आएपछि एक जना बुढा मानिस गाडी चढे। उनलाई चढाएर गाडी विस्तारै दौडन थाल्यो। उनी हुर्रिँदै मेरो छेउमा आएर झोला राखेको सिटतिर हातको औँलाले देखाउँदै भनेँ,भाइ यो झोला कसको हो ? यहाँ बस्न मिल्छ ? मैले आफ्नो झोला सिटबाट झिकेर काखमा राख्दै उत्तर दिएँ,मिल्छ,किन नमिल्नु बस्नुहोस्न। त्यसपछि बुढा छेउमा बसे। बसिसकेपछि मैले उनलाई राम्रोसँग नियालेँ। भाइ भन्छन् बुढा मलाई ! यसो हेर्छु मैले दाई भन्न नसुहाउँने छन्। मनसँग ठाने । यिनलाई पनि आफू भर्खरकै छु जस्तो लाग्दो हो । सोध्न मन लाग्यो । भत्ता खाँदै हुनुहुन्छ त बुबा भनेर सोधेँ । खाइँदैछ । अरू उमेर पुगेर पनि खान पाउँदैनन्। मैले त एक वर्ष अगिदेखि नै पो खान थालेँ । बाउले कसोकसो एक वर्ष बढाएर बनाइदेका रछन् नागरिकता। त्यति फाइदा भो । गफाडी रहेछन् बुढा। यताउता हेर्दै मस्किमस्कि बोल्छन्। गफ झिके। उर्लाबारी हिँडेको भाइ म,छोरीका घर । त्यहाँ मेरा दुईटी छोरी विहे गरेर दिएको छु। गफ गर्दै जाँदा वताए बुढाले हाम्रा बुबासँगका रहेछन् । हाम्रो उमेर लगभग ४० वर्षको फरक रहेछ। नाती भनेपनि फरक नपर्ने। बुढाले भाइ भन्न छोडेनन्।

एक पटक त्यस्तै भयो । झापाको दमकबाट विराटनगर जान बस चढेको । गएर सिटमा बस्ने वित्तिकै छेउको सिटमा बसेको भाइले सोध्यो, अङ्कल काँसम्म जाने ? यसो हेर्छु आफ्नै दामले भन्न सुहाउँने छ । अङ्कल भन्छ। के भन्नु। म विराटनगरसम्म जाने भाइ। अनि भाइ नि त कहाँसम्म जाने हो नि ? भनेर सोधेँ म इटहरीसम्म हो अङ्कल भन्यो। फेरि अङ्कल नै भन्छ। यसो हेर्छु भतिज भन्न सुहाउने केटो छैन । कुरा गर्दै जाँदा म भन्दा एक-दुई वर्षले मात्र कान्छो रहेछ। केको भतिज भन्न सुहाउनु ! ठानेँ उसलाई पनि आफू सानै छु जस्तो लाग्दो हो नि।

मानवीय गुण नै हो कि के हो।

मानिसले आफूलाई सधैँ कम उमेरको सम्झने । दारीजुँगाको रहर हुँदाहुँदै शारिरिक अङ्गप्रत्यङ्गको विकास हुँदै शरीरको छाला चाउरी परेर लठ्ठी टेक्ने बेला भइसक्दा पनि आफूलाई भर्खरकै उमेरको ठान्ने । मलाई चिन्ने जान्नेहरू कहिलेकाहीँ भेट्दा आधिसरो मेरो टाउकाको केश फुल्न थालेको देखेर कति वर्ष पुगिस भनेर सोध्छन्। म यति वर्ष पुगेँ भनेर भन्दिन्छु। हेर हिजोअस्तिको मान्छे भनेर आश्चर्य चकित हुन्छन् । म आफ्नो उमेर नियाल्न थाल्छु। अनि उनीहरूसँग आफ्नो उमेर नाप्न थाल्छु।

हामी पहाडमा हुँदै मैले चाल पाउँदा खसीको मासु चालीस रूपयाँ धार्नी थियो। धान बीस रूपयाँ पाथी बेचेको। मकै बाईस रूपायाँ पाथी। दुई रूपयाँ कप चिया पाइँन्थ्यो। पन्ध्र रूपयाँ लिटर मट्टितेल थियो। तीन रूपयाँमा साबुन आउँथ्यो । आठआनामा सलाई आउँथ्यो। पन्ध्र रूपयाँ मानो घिउ । हजार,पन्ध्र सयमा बडाबडा खसी पाइँन्थे । दस,बाह्र हजारमा छानीछानी राम्राराम्रा लैना भैँसी पाइँन्थे । पाँच,सात हजारमा राम्रा रङ मिलेका हल गोरू पाइँने । पाँच,छ हजारमा राम्रो दुहुना गाई पाइँन्थ्यो । पाँच रूपयाँ पैसा लिएर बजार गयो भने एक जनाले खर्च खाइ सकिदैनथ्यो । अहिले सम्झदा त्यो त कहाँ हो कहाँ। झ्याउ लागेर आउँछ । आफूलाई पनि बुढो भइए जस्तो त लाग्दैनथ्यो तर आफ्नो पनि उमेरले डाँडो काटेछ।

(साभार :समकालिन साहित्य डट कम )

# दुई रेलमार्गबीच तादात्म्यता मिलाउने योजना



काठमाडौँ, १९ फागुन
सरकारले निर्माण सुरु गरेको पूर्व-पश्चिम रेलमार्ग र भारतीय सरकारको सहयोगमा अध्ययन भइरहेको रेलमार्गका बीचमा तादम्यता मिलाउने (सिङ्क्रोनाइज) गर्न तयारी अघि बढाइएको छ ।रक्सौल-काठमाडौँ रेलमार्ग पनि निजगढ खण्डमा मिल्ने हुँदा निर्माण सुरु हुनु अघि नै दुई लाइनबीच तादात्म्यता मिलाउन आवश्यक रहेको रेल विभागका प्रवक्ता (सिनियर डिभिजनल इञ्जिनियर) अमन चित्रकारले बताउनुभयो । भारतीय पक्षले रक्सौल-काठमाडौँको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अध्ययन गरिरहेको छ। भारतीय पक्षलाई लिखितरूपमै निजगढ खण्डको केही सूचना दिनका लागि भनिएको समेत उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "एउटा रेलबाट अर्को रेलमा यात्रु कसरी परिवर्तन गर्ने, कसरी चढाउने र झार्ने, कसरी सामान एउटाबाट अर्कोमा हाल्ने र कसरी मालसामान ढुवानी गर्ने भनी मिलाउनुपर्ने हुन्छ ।" भारतीय कम्पनी कोंकण रेल्वे कम्पनी लिमिटेडले अध्ययनको काम गरिरहेकाले पहिले लिखितरूपमै पठाइएको प्रवक्ता चित्रकारले बताउनुभयो । त्यहाँबाट जवाफ नआएपछि अहिले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट परराष्ट्र मन्त्रालय हुँदै भारतीय पक्षलाई अनुरोध गरिएको छ । पूर्व-पश्चिम विद्युतीय रेलमार्गअन्तर्गत अहिले निजगढ-भरतपुर खण्डको डिपिआर अध्ययन भइरहेको छ । पहिले सबै खण्डको अध्ययन भइसकेको भए पनि यो खण्डमा रेखाङ्कन परिवर्तन गर्नुपर्ने भएकाले पुनः अध्ययन भइरहेको प्रवक्ता चित्रकारको भनाइ छ । पहिलेको रेखाङ्कन चितवन राष्ट्रिय निकुञ्जभित्रबाट रहेकाले अहिले त्यहाँबाट नलगेर निजगढबाट हेटौँडा हुँदै भरतपुर लैजाने गरी डिपिआर भइरहेको उहाँले बताउनुभयो । सरकारसँग भारतीय पक्षले गरेको सम्झौता (एमओयु) अनुसार सो अध्ययन प्रतिवेदन सुरु भएको १८ महिनामा दिनुपर्ने उल्लेख छ।

प्रारम्भिक अध्ययनका आधारमा काठमाडौँ-रक्सौल रेलमार्गको लम्बाइ एक सय २६ किमी अनुमान गरिएको थियो । निजगढमा प्रस्तावित अन्तर्राष्ट्रिय विमानस्थल वरपरबाट घुमाएर गर्दा लम्बाइ केही बढ्नसक्ने देखिएको छ । रक्सौल-काठमाडौँ रेलमार्ग ब्रोड गेजमा अध्ययन भइरहेको छ भने पूर्व-पश्चिम रेलमार्ग अहिले पछिल्लो चरणमा स्ट्याण्डर्ड गेजमा अध्ययन भइरहेको छ । भारत सरकारले निर्माण गरिरहेको अरु रेलमार्ग पनि ब्रोड गेजका छन् । चीन सरकारले सुरु गरेको काठमाडौँ-केरुङ रेलमार्ग भने स्ट्याण्डर्ड गेजमै छ ।रासस

# १० चिया उत्पादक कम्पनी पुरस्कृत

कीर्तिपुर, १९ फागुन
नेपालका १० वटा चिया उत्पादन स्वाद र गुणस्तर परीक्षणमा पुरस्कृत भएका छन् । चीनमा गत २०२२ सेप्टेम्बर २० देखि २१ सम्म चाइना टि मार्केटिङ एसोसिएनद्वारा आयोजित दोस्रो चिया गुणस्तर प्रतिस्पर्धामा नेपाली चिया उत्पादक संस्थाले स्वर्ण तथा रजत पदक जितेका हुन् । राष्ट्रिय चिया तथा कफी विकास बोर्डले बिहीबार आयोजना गरेको कार्यक्रममा यी पुरस्कार वितरण गरिएको थियो । प्रतिस्पर्धामा बोर्डले नेपाल भरका ४० वटा चियाका नमूना सङ्कलन गरी बोर्डमै भएको टेस्टिङ (चियाको स्वाद एव गुणस्तर परीक्षण)का आधारमा १६ वटा चियाका नमूना प्रतिस्पर्धाका लागि चीन पठाएको थियो ।



यसअनुसार एक तीनजुरे टी फार्मर सहकारी समाज लिमिटेडले पर्ल गोल्डेन ब्ल्याक टी अवार्ड प्राप्त गरेको छ । यसैगरी फार्मर टी प्रोसेसिङ उद्योगको एफटी हिमालय गोल्ड, हिमालयन साङ्रिला टी प्रोड्युसरको साङ्रिला गोल्ड, गोरखा टी स्टेट प्रालि जिटिइ गोल्डेन टि, सिद्धा डेभी टी इस्टेट प्रालिको सिल्भर विङ्स र कञ्चनजङ्गा अर्गानिक अर्थोडक्स चिया उद्योग प्रालिको गोल्डेन टिप्स चियाले स्वर्णपदक जितेका छन् । यसैगरी हिमालयन साङ्रिला टी प्रोड्युसरको हिमालयन सन्राइज ब्यूटी, श्री बराह टी इन्डष्ट्रिको स्पेशल ब्ल्याक टी, तीनजुरे टी फार्मर सहकारी समाज लिमिटेडको नर्मल गोल्डेन ब्ल्याक टी र मैना पोखरी चिया प्रशोधन उद्योगको एमपी १० मिरमिरेले रजतपदक प्राप्त गरेका छन् । आर्थिक वर्ष २०७७/७८ को तथ्याङ्कअनुसार नेपालमा १६ हजार नौ सय १७ हेक्टरमा चिया रोपिएको र त्यसबाट २३ हजार सात सय ४५ मेट्रिकटन चिया उत्पादन गरिएको छ।

हाल १७ हजारभन्दा बढी चिया कृषक र ६० हजारभन्दा बढी श्रमिक आबद्ध छन् । नेपालबाट गत आवमा रू तीन अर्ब ७९ करोड ७१ लाख बराबरको ११ हजार नौ सय २० मेट्रिक टन चिया निर्यात भएको भन्सार विभागको तथ्याङ्क छ । नेपाली चिया गुणस्तरमा अब्बल रहँदारहँदै पनि उचित बजारीकरण हुन नसक्दा अति नै न्यून मूल्यमा बिक्री गर्नु परिरहेको कार्यक्रममा किसानले गुनासो गरे। नेपालबाट वार्षिक रू १० अर्बभन्दा बढीको चिया निर्यातको सम्भावना छ ।रासस

# नागरिकले नदी तरेको पैसा तिर्नुपर्छ

भजनी, १९ फागुन
कैलालीको भजनी नगरपालिकाका स्थानीयले १२ वर्षदेखि पक्की पुलको सपना देख्दै आएका छन् । पक्की पुल निर्माण भएपछि नदी तर्दा तिर्नुपर्ने पैसाबाट छुटकारा पाइएला भन्ने स्थानीयको सपना छ ।स्थानीयवासीले कान्द्रालगायतका नदी तर्दा पैसा तिर्नुपर्छ । "दैनिक कामका लागि नगरपालिका आउँदा रू ३० तिरेर नदी तर्नुपर्छ। महिनामा रू नौ सय नदी तरेको मात्रै तिर्नुपरेको छ", स्थानीय रुपक साउदले भन्नुभयो। उहाँले पक्की पुल प्रयोगमा नआउँदासम्म नागरिकलाई आवतजावतमा समस्या हुने बताउदै नगरपालिकाले पैसा उठाएर झन सास्ती दिने गरेको बताउनुभयो। पालिकालाई भन्दा पुल निर्माणको ठेक्का लिने कम्पनीलाई बढी फाइदा भएको साउदको भनाइ छ ।ठूला सवारीसाधन पुलबाट नभई नदीबाट वारपार गराउनुपर्छ । यसरी नदीबाट सवार गर्दा सवारीसाधनबाट पैसा सङ्कलन गर्ने गरेको भोजराज काफ्ले बताउनुहुन्छ । "कान्द्रामा पुल बन्न लागेको एक दशकभन्दा बढी भयो। समयमै पुल निर्माण नहुनुको कारण बिचौलिया हुन्।



जसले नदी ठेक्काका नाममा वार्षिक लाखौँ उठाउँछन", उहाँ भन्नुहुन्छ, "नभए पुल निर्माणका लागि स्थानीय सरोकारवालाले चासो नदिनुको कारण के हो?"टीकापुरबाट हुलाकी राजमार्ग हुँदै धनगढी पुग्न करिब ७५ किलोमिटर छ। महेन्द्र राजमार्गबाट जाँदा अलि लामो पर्छ। कान्द्राको पुल नभएकै कारण हुलाकी राजमार्ग प्रयोग गर्न नसकिएको टीकापुरका बिन्तीराम चौधरी बताउनुहुन्छ । उहाँले जागिरको सिलसिलामा कैलारी गाउँपालिका बस्नुपरेको बताउँदै हप्तामा एक दिन घर फर्किँदा नदी तरेको पैसा तिर्नुपर्ने बाध्यता भएको बताउनुभयो । "नगरपालिकालाई पैसा दिएर नदी ठेक्कामा लिएका हौँ भनेर ठेकेदारको प्रतिक्रिया आउँछ । त्यति भएपछि पैसा त दिनैपर्‍यो", उहाँले भन्नुभयो।

कान्द्राको पुल बने आवतजावतमा सहज हुने उहाँको भनाइ थियो ।भजनी नगरपालिकाले कान्द्रा नदीलगायत मातहतका नदीलाई ठेक्का दिएको छ। ठेक्का दिएका नदीमा माछा मार्नेदेखि डुङ्गा सञ्चालन हुँदै आएको छ। एक आर्थिक वर्षका लागि हुने ठेक्काले आन्तरिक आयस्रोतको काम गर्दै आएको नगरपालिकाले जनाएको छ । नगरप्रमुख केवल चौधरीले कान्द्रामा नागरिक वारपार गरेको रकम तिर्नुपर्ने स्थिति यसै वर्षबाट अन्त्य हुने बताउनुभयो । उहाँले हुलाकी राजमार्गअन्तर्गत निर्माण भएको कान्द्रा पक्की पुलको काम अन्तिम चरणमा रहेको बताउँदै केही महिनामै पुलबाट आवतजावत सुरु हुने बताउनुभयो ।रासस

# पर्यटकीयस्थलमा फोरजी सेवा विस्तार

म्याग्दी, १९ फागुन
नेपाल टेलिकमले धौलागिरि क्षेत्रका धार्मिक तथा पर्यटकीयस्थलमा थ्रीजी र फोरजी सेवा विस्तार गरेको छ। बागलुङ, म्याग्दी, मुस्ताङ र पर्वतका धार्मिक र पर्यटकीयस्थलमा विस्तार गरिएको यो सेवाले पर्यटकीय क्षेत्रको भ्रमणमा निस्कने स्वदेशी तथा विदेशी पर्यटकलाई सहज भएको छ । नेपाल टेलिकम बागलुङ शाखाका प्रमुख केशव शर्माले १० देखि १५ घर बस्ती भएको स्थानदेखि पदमार्ग, राजमार्ग र सार्वजनिक महत्वको क्षेत्रमा सहजै इन्टरनेट प्रयोग गर्न सकिने व्यवस्था मिलाइएको जानकारी दिनुभयो ।

"यो व्यवस्थापछि धेरैले गाउँमा सुरक्षाको अनुभूति गरेका छन्", उहाँले भन्नुभयो, "विशेषगरी म्याग्दी र मुस्ताङका उपभोक्ताले दुर्घटनापछिको खोजी, उद्धार, प्रसूति, सेवा र पर्यटकको सुरक्षामा बढी राहत महसुस गरेका छन् ।"धौलागिरि बेसक्याम्प जाने पर्यटकका लागि पछिल्लो पटक बगरको डाँडामा राखिएको फोरजी टावरले सहयोग पुगेको छ। यहाँबाट गुर्जाघाट र ढोरपाटनको उत्तरी भेगमा टेलिफोन, मोबाइल र इन्टरनेट चल्न थालेको छ।

"गाउँमा फोन लाग्दैनथ्यो, मोबाइलमा कुराकानी गर्न डाँडामा पुग्नुपर्ने समस्या थियो", धवलागिरि-४ बगरका चित्रतिलिजालेभन्नुभयो,"अहिले घरमै बसेर इन्टरनेट चलाउन पाइएको छ ।" मुक्तिनाथ, लोमान्थाङ, थोराङ्ला भञ्याङ, रुकुम सिमानाको पातीहाल्ने, निसेलढोरलगायतमा पनि इन्टरनेट सेवा विस्तार भएको हो। टेलिकमले मुस्ताङको लोमान्थाङ, कोरला नाका र चराङलगायत उच्च बस्तीमा पनि फोरजी सेवा विस्तार गरिसकेको छ। ती स्थानमा विदेशी पर्यटकका साथै आन्तरिक पर्यटक पनि सयौँको संख्यामा जान थालेकाले टेलिकमले सेवा विस्तार गरेको हो। बागलुङमा ६२ टावरमा टुजी, थ्रीजी ५७ र फोरजी ५४ वटा टावरमा जडान भएका छन्। म्याग्दीमा २२ टुजी, २१ थ्रीजी र १४ वटा फोरजी सेवा विस्तार भएको छ। मुस्ताङमा भने ३१ टुजी, २६ थ्रीजी र २४ वटा फोरजी टावरबाट सेवा सञ्चालनमा छ। पर्वतमा २८ टुजी, २१ थ्रीजी र २६ वटा फोरजी टावरसहितको सेवा विस्तार गरिएको बागलुङ टेलिकम शाखाले जनाएको छ ।रासस

# हिमालमा जलवायुको असरबारे स्याङ्बोचेमा अन्तर्क्रिया

काठमाडौँ, १९ फागुन
जलवायु परिवर्तनले हिमाली जनजीवनमा पारेको असरबारे विश्वको ध्यानाकर्षण गराउन अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा विश्वको सर्वोच्च शिखर सगरमाथा रहेको सोलुखुम्बुको स्याङ्बोचेमा विशेष अन्तर्क्रिया गरिने भएको छ। संस्थाले यही फागुन २४ गते आयोजना गर्न लागेको कार्यक्रममा नेपालस्थित संयुक्त अरब इमिरेट्स (युएई) राजदूतावासको विशेष सहयोग तथा नेपालको वन तथा वातावरण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, युएनडिपी, इसिमोड, एनटिएनसी, बेकर्सडेन, सम्बन्धित स्थानीय तहलगायत सङ्घसंस्था र निकायको सहयोग एवं सहकार्य रहने बताइएको छ।

जलवायु परिवर्तन र वातावरणका क्षेत्रका कार्यरत साथसाथै गत वर्ष मार्च ८ मा अन्तर्राष्ट्रिय नारी दिवसकै अवसरमा सगरमाथाको कालापत्थरमा एक कार्यक्रम गरी 'कालापत्थर घोषणापत्र' जारी गरेको थियो। 'कालापत्थर घोषणापत्र' पछि सो क्षेत्र आसपास बर्सेसि कार्यक्रम गर्ने योजनाअनुसार यो कार्यक्रम गर्न लागिएको संस्थाका अध्यक्ष प्रजिता कार्कीले जानकारी दिनुभयो । कार्यक्रममा उपसभामुख इन्दिरा राना मगर, सर्वोच्च अदालतका न्यायाधीश सपना प्रधान मल्ल, राष्ट्रियसभा सदस्य एवं पूर्वमन्त्री डा विमला राई पौड्याल, युएई राजदूतावासका प्रतिनिधि, विज्ञलगायतको सहभागिता रहने उहाँले बताउनुभयो । "कार्यक्रममार्फत हामी जलवायु परिवर्तनसम्बन्धी आगामी वर्ष युएईको दुबईमा हुने अन्तर्राष्ट्रिय सम्मेलन (कोप-२८) मा नेपालले पर्वतीय मुद्दामा नेतृत्वका साथ यस क्षेत्रका समस्या उजागर गरोस् भनी सम्बन्धित निकायलाई दबाब दिन चाहन्छौँ", उहाँले भन्नुभयो । फागुन २४ गते जलवायुका क्षेत्रमा कार्यरत सरकारी र गैरसरकारी विज्ञको समुपस्थितिमा सगरमाथाको स्याङ्बोचेमा जलवायु न्यायका लागि विशेष अन्तर्क्रिया गरिने, फागुन २५ गते सगरमाथाकै नाम्चेमा जलवायुले महिलाको जनजीवनमा पारेको असरका विषयमा अर्को सेमिनार आयोजना गरिने अध्यक्ष कार्कीले बताउनुभयो। हिमाली जनजीवन विशेष गरी महिलालाई जलवायु परिवर्तनका चुनौती सामना गर्न सक्षम बनाउन अन्तर्राष्ट्रिय समुदायबाट सहयोग खोज्न पहल गर्ने, हिमालय र तल्लो तटीय क्षेत्रमा जलवायु परिवर्तनका चुनौतीमा विश्वव्यापी ध्यान आकर्षित गराउने, विश्व तापमान वृद्धिले हिमाल पग्लने क्रम बढेको चिन्ताबारे ध्यानाकर्षण गराउने कार्यक्रमको उद्देश्य छ।

यसैगरी सो संस्थाले आगामी चैत ३ गते 'जलवायु परिवर्तनको गाम्भिर्यता र जलवायु न्याय' शीर्षकमा काठमाडौँमा राष्ट्रियस्तरको बृहत् अन्तर्क्रिया गर्ने जनाएको छ ।रासस

# अनुदानबाट व्यवसाय गर्दै अपाङ्गता भएका व्यक्ति

कञ्चनपुर, १९ फागुन
अपाङ्गता भएका व्यक्तिलाई व्यावसायिक कार्यमा संलग्न गराई आत्मनिर्भर बनाउनका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कञ्चनपुरले अनुदानका कार्यक्रम सञ्चालन गरेको छ।

अपाङ्गता भएका व्यक्तिको समूह गठन गरी कार्यालयले अनुदान रकम उपलब्ध गराउन थालेको हो । शुक्लाफाँटा नगरपालिका, बेदकोट नगरपालिका र भीमदत्त नगरपालिकामा अपाङ्गता भएका व्यक्तिका समूह गठन गरिएका छन्। समूहमा ३० जनाका दरले अपाङ्गता भएका व्यक्ति सङ्गठित भएका छन् । गठन भएका समूहसँग कार्यक्रम सञ्चालनका लागि सम्झौताको कार्य गरिएको छ।

शुक्लाफाँटा अपाङ्गता कृषक समूहसँग खरी जातका बाख्रा खरिदका लागि सम्झौता गरिएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्राविधिक अधिकृत दीर्घकुमार स्वाँरले बताउनुभयो । बाख्रापालनका लागि रु चार लाख ५० हजारको सम्झौता गरिएको छ। सम्झौताअनुसार समूहमा आबद्ध सदस्यरुले बाख्रा खरिद गरेका छन्। समूहमा आबद्ध सदस्यमध्ये बाख्रा खरिदका लागि तीन सदस्यीय समिति गठन गरेका छन्।

खरिद गरिएका बाख्रा दुई वटाका दरले १५ सदस्यलाई उपलब्ध गराइएको छ । समूहमा आबद्ध सदस्य कृष्ण थापाले बाख्रापालन गरी आत्मनिर्भर बन्नका लागि सघाउ पुगेको बताउनुभयो । अपाङ्गता भएकै कारण समाजको हेर्ने दृष्टिकोणमा परिवर्तन आउन नसकेको उल्लेख गर्दै समूहका अर्का सदस्य जानकी चौधरीले आर्थिकरुपमा आत्मनिर्भर बन्नका लागि बाख्रापालनमा लागेको बताउनुभयो । समूहका अध्यक्ष हरिदत्त भट्टले स्थानिय तहले पनि विज्ञ केन्द्रको जस्तै अपाङ्गता भएका व्यक्तिको आर्थिक अवस्थामा सुधार ल्याउनका लागि कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुभयो।



केन्द्रले शुक्लाफाँटामा जस्तै बेदकोट नगरपालिकाका अपाङ्गता भएका व्यक्तिको समूह गठन गरी स्थानीय जातका कुखुरापालनका लागि रु चार लाख ५० हजार अनुदान रकम उपलब्ध गराएको छ । कुखुरापालनका लागि समूहमा आबद्ध सदस्यले खोर निर्माण गरेका छन् । अनुदान रकमबाट दश सदस्यले कुखुरापालन गर्ने समूहका कोषाध्यक्ष प्रेम बोहराले बताउनुभयो।

केन्द्रका प्रमुख डा पानसिंह ठगुन्नाका अनुसार गत वर्ष भीमदत्त नगरपालिकामा रहेको स्वावलम्बी अपाङ्गता कृषक समूहलाई स्थानीय जातका कुखुरापालनका लागि रु १० लाख अनुदान उपलब्ध गराइएको थियो। "अपाङ्गता भएका व्यक्ति र आश्रित परिवारको आयस्तरमा बृद्धि गर्नका लागि अनुदानका कार्यक्रम सञ्चालन गर्दै आएका छौँ", कार्यालय प्रमुख ठगुन्नाले भन्नुभयो, "अपाङ्गता भएका व्यक्ति व्यावसायिक भएर आर्थिकरुपमा सवल बने समाजमा हेर्ने दृष्टिकोणमा परिवर्तन आउने अपेक्षा गरेका छौँ ।" समूहमा आबद्ध अपाङ्गता भएका व्यक्तिले गरेको व्यवसायलाई प्रवर्द्धन गर्नका लागि आवश्यक तालिम र प्राविधिक सल्लाह सुझाव दिने गरेको उहाँको भनाइ छ ।रासस

# प्रधानाध्यापकलाई पूर्वविद्यार्थीको एक लाख पुरस्कार



बेनी, १९ फागुन
रौटहटको यमुनामाई गाउँपालिका-३ का जाहुर आलमले म्याग्दीको धौलागिरि गाउँपालिका-५ मल्कबाङस्थित जनजागृति माविमा तीन दशकसम्म समय अध्यापन गरे । विज्ञान विषयमा स्नातक उत्तीर्ण गरेपछि उनी जागिरको सिलसिलामा २०५० सालमा म्याग्दी आएका हुन ।

आलमलाई तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तुलबहादुर छन्त्यालले शिक्षा कार्यालयबाट अनुमति लिएर निजी स्रोतबाट विज्ञान शिक्षकको रुपमा नियुक्त गरेका थिए। जिल्ला सदरमुकाम बेनीदेखि पैदल हिँडेर दुई दिनमा विद्यालय पुगेका आलमले सुरुआतका दिनमा अग्ला पहाड र दुर्गम बस्तीको बसाईलाई बिट मार्ने सोच बनाए । तर विद्यालयमा अध्यापन गर्दै जाँदा उहाँले तीन दशक एउटै विद्यालयमा बिताए ।

आलमले पढाउन थाल्नुभएपछि २०५१ सालदेखि कक्षा ९ को पठनपाठन सुरु गरेर उक्त विद्यालयलाई माविमा स्तरवृद्धि गरिएको थियो । विसं २०५७ देखि विद्यालयमा उनले प्रधानाध्यापकको जिम्मेवार ीसमेत बहन गरे । उनी आगामी २०८० असोज ३ गतेदेखि अनिवार्य अवकाश लिँदै हुनुहुन्छ । आलमको योगदानको कदरगर्दै स्थानीयवासी र पूर्वविद्यार्थीले भव्य सम्मान गरेका छन् । विद्यालयका पूर्वविद्यार्थीको पहलमा मल्कबाङ समाज युकेले आलमलाई रु एक लाखसहित सम्मानपत्रद्वारा सम्मान गरेको छ । विद्यालयमा हालै आयोजित एक समारोहमा मल्कबाङ समाज युकेका अध्यक्ष शेर छन्त्यालले उहाँलाई नगदसहित सम्मानपत्र प्रदान गरे ।

"विद्यालयको स्तरवृद्धि गरी शिक्षण पेशाका माध्यमबाट आलमले पुऱ्याएको योगदानको कदर गर्दै उनलाई सम्मानित गरिएको हो", अध्यक्ष छन्त्यालले भने । सम्मान ग्रहणपश्चात् प्रअ आलमले गाउँलेको अपार मायाले आफूले दुर्गमको दुःख भुलेर शिक्षणमा रमाएरै तीन दशक बिताएको बताए । "वर्षौंसम्म पैदल हिँडेर पहाडको स्कुलमा आउने गर्थ्यौं, केही वर्षअघि मात्रै यहाँको गाउँमा मोटरबाटो आएको हो, बेनीदेखि यहाँ आउन हिजोका दिनमा निकै दुःख थियो, विद्यार्थीर अभिभावकको स्नेह र आत्मीयताले मलाई यो स्कुल छाडेर हिँड्न मनै लागेन", आलमले भने ।

विद्यालय सञ्चालनमा देश तथा विदेशमा रहेका मल्कबाङवासीले गर्ने सकारात्मक सहयोग र योगदानले आफू प्रभावित बनेको उनले अनुभव सुनाए । दुर्गम विद्यालयमा राज्यको ध्यान र पहुँच कम पुग्ने भए पनि समुदायको अग्रसरता र क्रियाशीलताले विद्यालय सञ्चालनमा ठूलो योगदान पुगेको उनको भनाइ छ। विद्यालयमा निजी शिक्षकको रुपमा कार्यरत रहेको दुई वर्षमा अस्थायी सरकारी कोटामा नाम निकालेर अन्यत्रको विद्यालयमा पदस्थापना भएपछि आलमलाई गाउँलेले शिक्षा कार्यालयमा धर्ना दिएर मन्त्रालयसम्म पुगेर विद्यालयमा मावि दरबन्दी थप गेर पुनः विद्यालयमै फर्काएका थिए । विसं २०५३ सालमा परीक्षा दिएर २०६० सालमा नजिता प्रकाशन भएको शिक्षक सेवा आयोगकको माध्यमिक तह तृतीय श्रेणी पदमा उत्तीर्ण भएर स्थायी शिक्षक सेवामा प्रवेश गर्नुभएका आलम २०६७ मा माध्यमिक तह द्वितीय श्रेणीमा बढुवा हुनुभएको थियो। आलमको परिवार भने रौटहटमै बस्दै आएको छ।रासस

## पौडेललाई मत दिन ..................

नेता रामचन्द्र पौडेललाई निर्वाचित गराउने गृहकार्यमा लागेका छौं' भण्डारीले भने 'अहिले राष्ट्रपतिको विषयमा मात्र सहमति भएको छ, बाँकी विषयमा पछि सहमति हुँदै जाला ।'

उपराष्ट्रपति, संघका खाली मन्त्रालयहरु, प्रदेश सरकारको विषयमा गठबन्धन भित्र कुनै किसिमको छलफल नभएको उनले बताए । भण्डारीले यो गठबन्धन सरकार बनाउन वा राष्ट्रपति निर्वाचनसम्मका लागि मात्र नभई संविधानबाट प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्नका लागि समेत बनेको बताए ।

'जुन मनसायले एमालेले पुष्पकमललाई प्रधानमन्त्री बनायो त्यसले फेरी मुलुक प्रतिगमन तर्फ जाने शंका बढेकाले गठबन्धन टिक्न नसकेकोको हो' भण्डारीले भने ' शक्ति सन्तुलनको राजनीतिमा एमालेलाई विश्वास गर्न सकिदैन, त्यसैले उ अहिले सत्ता गठबन्धन बाहिर रहेको छ ।'

कार्यक्रममा नेकपा माओवादी केन्द्रका नेता मातृकाप्रसाद यादवले गठबन्धनका उम्मेदवार पौडेललाई निर्वाचित गराउनका लागि नेपाली कांग्रेस आफैं ईमान्दार हुनु आवश्यक रहेको बताए। नेपाली कांग्रेससँग सबैभन्दा धेरै मत रहेकाले कांग्रेसी साथीहरुलाई ईमान्दार हुन आवश्यक रहेको यादवको भनाई थियो ।

नेपाली कांग्रेसका नेता फरमुल्लाह मन्सुरले मुलुकलाई संविधानप्रति वफादार, संसदको गरिमालाई बचाएर राख्ने राष्ट्रपति आवश्यक रहेको बताउँदै आठदलीय गठबन्धनले त्यस्तै उम्मेदवार रामचन्द्र पौडेललाई छनोट गरेकाले निर्वाचित गराउन आग्रह गरे ।

कार्यक्रममा मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले प्रदेशलाई अधिकार सम्पन्न नबनाएसम्म मुलुक विकासको कल्पना गर्नु गलत रहेको बताँउदै राष्ट्रपति निर्वाचनपछि प्रधानमन्त्रीलाई भेटेर संघीयता कार्यान्वयनका लागि काम गर्ने बताए । यादवले प्रहरी समायोजन र निजमती कर्मचारी समायोजनलाई छिटोभन्दा छिटो गर्नका लागि आग्रह गर्ने जानकारी यादवले दिए ।

अभिमुखिकरण कार्यक्रममा आठदलीय गठबन्धनमा आवद्ध सबै दलका प्रदेशसभा सदस्य तथा नेताहरुको उपस्थिती रहेको थियो ।

## शीर्षकमा भ्रमणभत्ता.................

अस्पतालको स्टोरबाट जाने गरेको छ, त्यसको खोजतलास गर्ने कोहीँ छैनन् ।

नारायणी अस्पतालमा झागिदैं गएको भ्रष्टाचार नियन्त्रण गर्ने प्रयास कुनै पनि निकायले गरेको देखिदैन । संघीय सरकार मातहत रहेकोले प्रदेश सरकारको पनि त्यस तर्फ ध्यान गएको छैन ।

नाम भ्रमण भत्ता, खर्च दारुमा

नारायणी अस्पतालका डाक्टर, कर्मचारीहरुले ८ महिनामा ८ लाखको दारु पिएको भेटिएको छ । नारायणी अस्पतालका तत्कालिन मेडिकल सुपरिटेन्डेन्ट डाक्टर सहीत अन्य कर्मचारहरुले चालु आ.व. मा भ्रमण भत्ताको नाममा ८ लाखको दारु पिएको अस्पताल श्रोतले बताएको छ ।

नारायणी अस्पतालका डा बिरेन्द्र बहादुर प्रधान सहीत केही डाक्टरहरु तत्कालीन लेखापाल सुजित माझी स्टोर शाखाका दामोदर अधिकारी लगायतका कर्मचारीहरु चालू आव को साउन महिना देखि फागुनको १५ गतेसम्म ७ लाख ९९ हजार ६५ रुपैयाको भ्रमण भत्ताको नाममा रकम बुझेको देखिन्छ । सो रकम अस्पताल नजिक बिर्तामा रहेको चौरसिया कोल्ड ड्रिकंसको फरकफरक मितिको बिल पेस भएको र सोही बिललाई भ्रमण खर्च देखाएर उल्लेखित व्यक्तिहरुले भुक्तानी लिएको देखिन्छ ।

चौरसिया कोल्ड ड्रिक्समा विभिन्न ब्राण्डका मदिरा, हल्का पेय पदार्थ ड्राई फ्रुटका साथै किराना सामानहरु बिक्री हुने गर्दछन् । सोही पसलको बिलमा अस्पतालको लेखा शाखाले रकम भुक्तानी गरेको स्पष्ट हुन्छ । तत्कालीन मेसु सहीतका कर्मचारीहरुले महगा मदिरा लगेर अस्पतालको कोषबाट भुक्तानी गरेको स्पष्ट हुन्छ ।भ्रमण खर्चको बिल भने अहिलेका मेसु चित्तरन्जन साहले स्वीकृत गरेको जानकारी कर्मचारीले दिए ।

# मानव बेचबिखनविरुद्धको घटनामा वृद्धि



पोखरिया, १९ फागुन
देशकै प्रमुख नाकाको रुपमा चिनिने वीरगञ्ज नाका मानव बेचबिखनका लागि पनि मुख्य 'ट्रान्जिट प्वाइन्ट' बन्ने गरेको देखिएको छ । बालबालिका, किशोर-किशोरी तथा महिला वा पुरुष रोजगारीको प्रलोभनमा परेर बेचिने क्रम यो नाकाबाट बढ्दो छ ।

मानव तस्करले बेचबिखन गर्ने उद्देश्य राखेर विभिन्न प्रलोभनमा पारी आफैँ विवाह गर्ने वा भारतीय नागरिकसँग विवाहसमेत गराइदिने गरेको तथ्य बाहिर आएको छ । वीरगञ्ज नाका हुँदै भारतको सीमावर्ती क्षेत्रबाट दिल्लीलगायत ठूला-ठूला सहरमा पुऱ्याई उनीहरूलाई जबर्जस्ती अनैतिक कार्यमा लगाउने गरिएको पनि पाइएको छ ।

मानव बेचबिखनविरुद्ध काम गर्दै आएका नेपाल र भारतका माइती नेपाल, आस्था नेपाल, माहिर, आशिष प्रोजेक्ट, किनलगायतका सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिले भने प्रविधिको विकाससँगै मानव बेचबिखनका घटना बढ्दै गएको बताएका हुन् । पर्सामा बेचबिखनविरुद्धका घटनाको पछिल्लो तथ्याङ्कले पनि डरलाग्दो अवस्था देखिएको छ। पर्सामा प्रत्येक वर्ष हराएका तथा सीमानाका भएर बेचिएका मानिसको सङ्ख्या बढ्दै गएको प्रहरीको तथ्याङ्कबाट देखिन्छ ।

आर्थिक वर्ष २०७७/७८ मा वीरगञ्ज नाका हुँदै पर्सामा ६५ महिला, ३१ बालक, ९३ बालिका र सात जना ज्येष्ठ नागरिक गरी कुल एक सय ९६ जना हराएको उजुरी प्रहरीमा दर्ता भए पनि ६१ महिला, २९ बालक, ९० बालिका र सात जना ज्येष्ठ नागरिक गरी एक सय ८७ जनामात्र फेला परेको प्रहरीले जनाएको छ । त्यस्तै सो अवधिमा विभिन्न प्रलोभनमा पारेर सीमानाका भएर बेचविखनमा परेका ८५ महिला, २२ बालिका र एक गरी कुल एक सय आठ जनालाई प्रहरीले उद्धार गर्न सफल भएको थियो ।

त्यस्तै आव २०७८/७९ मा यसको सङ्ख्यामा वृद्धि भई एक सय आठ महिला, एक सय ३३ बालिका, ४५ बालक र चार ज्येष्ठ नागरिक गरी कुल दुई सय ९० जना पर्साबाट हराएको प्रहरीमा उजुरी दर्ता भएकामा त्यसमध्ये एक सय पाँच महिला, एक सय आठ बालिका, ४३ बालक र तीन ज्येष्ठ नागरिक गरी कुल दुई सय ५९ जना भने फेला परेको प्रहरी तथ्याङ्कमा छ । त्यसैगरी विभिन्न प्रलोभनमा परेर सीमापार बेचबिखनमा परेकामध्ये एक सय ११ महिला, ४१ बालिका, ३८ बालक गरी जम्मा एक सय ९० जनालाई भारतका विभिन्न स्थानबाट उद्धार गरिएको प्रहरी नायब उपरीक्षक दीपक गिरीले जानकारी दिए । उनका अनुसार चालु आव २०७८/७९ को साउनदेखि पुस मसान्तसम्ममा मात्रै भारतका विभिन्न स्थानबाट ५९ महिला र १४ बालिका गरी कुल ७३ जनालाई उद्धार गरी नेपाल ल्याइएको थियो ।

वीरगञ्ज नाका हुँदै मानव बेचविखन हुने क्रम बर्सेनि बढ्दै गए पनि छिमेकी देश भारत र नेपालबीच मानव बेचविखनविरुद्धको नीतिमा सम्झौता नहुँदा बेचबिखनमा परेका बालबालिका, किशोर-किशोरी तथा महिला-पुरुषको उद्धारमा झन् बढी सास्ती खेप्नुपरेको सरोकारवालाले गुनासो गरेका छन् । विभिन्न नाका हुँदै छिमेकी देशमा बेचबिखनमा परेकाहरूको उद्धार गर्नेदेखि स्वदेश फर्काउन र व्यवस्थापनका लागि धेरै समय लाग्ने गरेको छ । एटविनको सहकार्यमा संरक्षण नेपालले वीरगञ्जमा आयोजना गरेको नेपाल-भारत बाल संरक्षण मञ्चलाई प्रभावकारी बनाउन र सीमापार सहकार्यलाई सहज बनाउन मधेस प्रदेश अन्तरदेशीय अन्तर्क्रिया कार्यक्रमका नेपाल र भारतका वक्ताहरूले यस्तो गुनासो गरेका हुन् । कार्यक्रममा सहभागी नेपाल र भारतका विभिन्न जिल्लाका सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरूले आफूहरूले मानव बेचबिखनका विरुद्धमा खासगरी सीमानाका नजिकै बसेर कार्य गर्दै आएको तथा बेचबिखनमा परेकाहरूको उद्धारका लागि अहोरात्र खटिए पनि बेचबिखनविरुद्ध दुवै देशको ऐनमै प्रभावकारी व्यवस्थापन नभएसम्म उद्धारमा कठिनाइ भइरहने बताएका थिए । संरक्षण नेपालका पारस प्रसादका अनुसार सरकारको बाल हेल्पलाइन १०९८ नम्बरको सहयोगले यस आवको पुस मसान्तसम्मा ३७ बालक र १८ बालिका गरी कुल ५५ जनालाई भारतका विभिन्न सङ्घसंस्था र नेपाल प्रहरीसँग समन्वय गरी भारतका विभिन्न स्थानबाट उद्धार गरिएको छ । उद्धार गरिएकामध्ये २१ बालक र सात बालिका गरी कुल २८ जनालाई पारिवारिक पुनःमिलन गराइएको र १४ बालक र २० बालिकालाई संस्थागतरूपमा पुनःस्थापना गराइएको थियो ।

संरक्षण नेपालका अध्यक्ष वृजमोहन कुशवाहाले नेपालमा १५ लाख जनसङ्ख्या बेचबिखनको जोखिममा रहेको र राष्ट्रिय मानवअधिकार आयोगबाट तयार पारिएको मानव बेचबिखनसम्बन्धी प्रतिवेदन, २०७९ मा करिब ४० हजार तीन सय जना भारतलगायत अन्य देशमा बेचबिखनमा परेको बताउनुभयो । मानव बेचबिखनविरुद्धको ऐन, कानुन प्रभावकारी नहुँदा भारत वा नेपाल दुवैतर्फबाट उद्धारमा खटिएकाहरूलाई नै समस्या हुने गरेको छ । बेचबिखनविरुद्ध र उद्धारकै क्षेत्रमा कार्य गर्दै आएको आशिक प्रोजेक्टका भारतको पूर्वी चम्पारणका अभिषेक कुमारले बेचबिखनमा परेका बालबालिकाको उद्धार गरेर आफ्नो संस्थामा राख्ने गरेको तर भाषागत समस्याका कारण उनीहरूलाई आफ्नो कुरा सम्झाउन र उनीहरूका कुरा बुझ्न समस्या हुने गरेको बताए । भारतमा बेचबिखनमा परेका वा कुनै माध्यमबाट भारतका विभिन्न सहरमा पुगेका बालबालिका तथा महिलालाई उद्धार गरी फर्काउन केही हदसम्म सजिलै भए पनि नेपालमा विभिन्न बहनामा ल्याइएका भारतका बालबालिका, किशोर-किशोरी तथा महिलालाई नेपालबाट भारततर्फ फर्काउन नेपालकै ऐन बाधा बन्ने गरेको माइती नेपालकी गोमा पौडेलले दुःखेसो गरे । नेपालमा महिला तथा बालबालिका बेचबिखनविरुद्धको सङ्गठन एटविनकी कार्यकारी निर्देशक बेनुमाया गुरुङले भने , "खुला सिमानाको फाइदा उठाउँदै धेरैजसो नेपालबाटै बालबालिका, किशोरी, महिलामात्र नभई पुरुष पनि बेचबिखनमा पर्ने गरेका छन् । सरकारी पक्षबाट बेचबिखनमा परेका पुरुषको हकमा भने केही सोचिएको छैन । कुनै पनि सन्धि वा ऐनमा पुरुष भनेर उल्लेख गरिएको छैन ।"

उनले भने , "३० देखि ४० वर्ष भयो दुई छिमेकी देशहरूले मानव बेचबिखनविरुद्ध काम गर्न थालेको तर हालसम्म नेपाल र भारतबीच स्वदेश फिर्तीसम्बन्धी द्विपक्षीय सम्झौतासमेत भएको छैन । नेपालको मानव बेचविखन तथा ओसारपोसारबाट प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि न्यूनतम मापदण्ड पनि स्पष्ट छैन । यसबारे विभिन्न कार्यविधि तयार पारेर सुझावसहित सरकारलाई बुझाएका छौं कार्यान्वयन गर्ने अधिकार त फेरि सरकारलाई नै छ कुरेर बसेका छौं ।"

त्यस्तै जिल्ला बाल संरक्षण कार्यालय मोतिहारीका सहायक निर्देशक ममता झाले नेपालका मानिसलाई विभिन्न बहाना तथा प्रलोभनमा भारतका विभिन्न स्थानमा पुऱ्याइएको अवस्थामा कार्यालयले विभिन्न सङ्घसंस्थाको सहकार्यमा उद्धार गर्ने कार्यलाई प्रभावकारी बनाइए पनि दुवै देशको नीति-नियम तथा ऐन नै बाधक बन्ने गरेको बताउँदै दुवै देशबीचको माथिल्लो निकायमै सहकार्यको आवश्यकता रहेको बताउछन् । उनले दुई देशबीच ऐनमार्फत नै सहकार्य हुने बाटो नखुलेसम्म हालका लागि दुवै देशका जिल्ला-जिल्लामा रहेका यस्ता विभिन्न सङ्घसंस्थामा एकरुपता ल्याई सहकार्य गर्नुपर्नेमा जोड दिए ।

त्यस्तै पर्साका प्रहरी नायब उपरीक्षक निर्मल बुढाथोकीले मानबेचविखनविरुद्धको अभियानमा दुई देशबीच कानुनी जटिलता नै मुख्य समस्याको रूपमा रहेको बताए । उनले खासगरी नेपालबाट विभिन्न बहनामा आर्केष्टा, बालश्रम, नेटवर्किङलगायतमा बालबालिका, किशोर-किशोरी, महिला तथा पुरुष बेचबिखनमा पर्ने गरेको बताउँदै यसबारे दुवै देशका अधिकारीहरूबीच आज भएको जस्तै छलफलले सहजता प्रदान गर्ने गरेको बताए ।

उनी भन्छन, "मानव बेचबिखनविरुद्धको अभियानमा लागेका संस्था-संस्थाबीच होडबाजी चल्नुभन्दा एउटै छाता सङ्गठनको निर्माण गरी एकरुपताले कार्य गर्दा प्रहरी पनि सहकार्य गर्न तयार छ । देशको शान्ति सुरक्षासँगै बेचबिखनविरुद्धको कार्य गर्नु पनि हाम्रो दायित्व हो । तर दुवैबीच यसबारे ऐनमै सम्झौता हुन भने आवश्यक छ ।"रासस

## दलितको घरमा भोज ....................................

गुनासो छ ।

शुभनारायणको घरमा भोज खाएयता भिखारीलाई गाउँघरमा हुने कोइरी, यादव समुदायको कुनै पनि भोजमा सरिक हुन दिइएको छैन । 'शुभनारायण कहाँ भोज खाएयता ६, ७ वटा भोज भए । तर कोइरी र यादव जातिका व्यक्तिले मलाई भोजको निम्तो दिएनन् । आफ्नै जातिले नै प्रतिबन्ध लगाएपछि अन्य जातले पनि त्यसो गर्न थालेका छन्' महतोले भने ।

दलित भए पनि शुभनारायणको परिवार वैष्णव हो । घरमा कोही माछामासु खाँदैनन् । धार्मिक सत्संग, प्रवचनमा सरिक हुन्छन् । महतोले आफूले कहिल्यै पनि तल्लो-माथिल्लो जातको भनेर भेदभाव नगरेकाले शुभनारायण कहाँ भोज खाएको बताए ।

'म जातीय छुवाछूत मान्दिनँ । दलितको भोज खाएकै निहुँमा मलाई सार्वजनिक माफी माग्न कर गरिरहेका छन' उनले भने, 'मैले के अपराध गरेको छु र माफी माग्नु ! माफी माग्दिनँ भन्ने अडान मैले लिएको छु । त्यसैले मलाई तिनीहरुले बहिष्कार गरेका हुन् ।'

घटना पश्चात भिखारीले दोषीहरुमाथि कारबाही र न्याय माग्दै इलाका प्रहरी कार्याय गौशालामा उजुरी दिएका छन् । तर उजुरीमाथि प्रहरीले खासै चासो नदिएको उनले भने ।

शुभनारायणले पनि भिखारीलाई आफ्नो घरमा भोज खाएको निहुँमा अछूत भन्दै भातपानी बारेको बताए । 'मेरैमा भोज खाएपछि भिखारीजी जातबाट निकालिएको हो । उहाँसँग म पनि पटक-पटक प्रहरीमा पुगें । १४ गते छलफलको समय थियो, तर विपक्षीहरु आएनन् । प्रहरीले पनि खासै चासो देखाएको छैन' उनले भने ।

इलाका प्रहरी कार्यालयका प्रहरी नायव निरीक्षक (सई) भुवनसिंह कार्कीले भिखारीको उजुरी आएको र आरोपीहरुलाई बोलाएर सोधपुछ गर्ने कार्य भएको बताएका छन् । विदामा रहेका प्रहरी निरीक्षक रञ्जन मिश्र कार्यालय आएपछि यो घटनाको विषयमा थप कारबाही अघि बढाइने कार्कीले बताए । सोनमा गाउँपालिका वडा नं. ४ का वडाध्यक्ष मिठु रायले पनि दलितकै घरमा भोज खाएको निहुँमा भिखारी महतोलाई बहिष्कार गरिएको बताए । आफूले पनि कोइरीको माइजन देवानसँग कुरा गरेर यसो नगर्न आग्रह गरेको उनले बताए ।

उनले भने 'घटना सही हो । मैले कोइरी जातका माइजन देवानलाई भेटेर यसो नगर्नुस भनेर आग्रह पनि गरेको हो । दलितकै घरमा भोज खाएको निहुँमा भिखारीको भातपानी यसरी नबार्नुस्, सामुदायिक कार्यक्रममा सहभागी गराउनुस, खान दिनुस् भनेका छौं । तर जातीय माइजन देवान उनलाई नखुवाउने अडानमा रहेको छन् ।'

नेपालमा जातीय भेदभाव दण्डनीय छ । यसका लागि विभिन्न वैदेशिक दातृ निकायबाट वर्षेनी विभिन्न गैर सरकारी संस्थामार्फत अर्बौ रुपैया खर्च हुँदै आएको छ । सरकारले जातीय भेदभाव वा छुवाछुत कसैले गरे तीन महिनादेखि तीन वर्षसम्म कैद र ५० हजारदेखि दुईलाख रुपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्था पनि गरेको छ । तर व्यवहारमा लागू भएको देखिदैन ।



# पीएनजीमाथि नेपालको शानदार जित

काठमाडौं, १९ फागुन।
आईसीसी विश्वकप लिग-२ अन्तर्गत त्रिकोणात्मक एकदिवसीय सिरिजमा नेपालले पपुवा न्युगिनी (पीएनजी) माथि जित निकालेको छ । नेपालले पीएनजीलाई ३ विकेटले हराएको हो ।




पपुवा न्यूगिनीले दिएको १८० रनको लक्ष्य नेपालले अन्तिम २ ओभर बाँकी छँदा ७ विकेट गुमाएर भेट्टायो । नेपालका लाग आसिफ शेखले नट आउट ८६ रनको अर्धशतकीय पारी खेले । १३० बल खेलेका उनले २ चौका र १ छक्का प्रहार गरे ।
त्यस्तै नेपालका लागि सन्दीप लामिछानेले करियरकै उत्कृष्ट ब्याटिङ गरे । उनले ५० बल खेल्दै ३ चौकाको सहयोगमा ३५ रन बनाए। सन्दीपले एकदिवसीय क्रिकेटमा पहिलो पटक ३५ रन बनाए । नेपालका लागि कुशल मल्लले २३ रन बनाउँदा अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । पीएनजीका लागि असाड भालले तीन विकेट लिए ।
त्यस्तै सेमो कामेअ र सेसे बाउले दुई-दुई विकेट लिए ।यसअघि टस जितेर पहिले ब्याटिङ गरको पीएनजीले ४९ ओभर २ बलमा सम्पूर्ण विकेट गुमाउँदै १७९ रन बनाएको थियो ।पीएनजीका लागि टोनी उराले सर्वाधिक ३९ रनको योगदान गरे ।
त्यस्तै हिरी हिरीले ३१ रन बनाउँदा प्लिन दोरीगाले २६ रनको योगदान गरे ।
नेपालका लागि सोमपाल कामी र दिपेन्द्र सिंह एरीले दुई-दुई विकेट लिए । त्यस्तै करण केसी, सन्दीप लामिछाने र कुशल मल्लले एक-एक विकेट लिए ।
जितसँगै लिग-२ मा नेपाल ३१ खेलबाट ३० अंक जोडेर तालिकाको छैटौं स्थानमा छ । पीएनजी ३१ खेलमा ७ अंक जोडेर तालिकाको सातौं स्थानमा छ ।

# फुटबल स्टार मेस्सीलाई आक्रमणको धम्की

ब्यूनस आयर्स,
अर्जेन्टिनी फुटबल सुपरस्टार लियोनल मेस्सीलाई आक्रमणको धम्की दिँदै बन्दुकधारीको एक समूहले उनको ससुरालीको स्वामित्वमा रहेको सुपरमार्केटमा गोली प्रहार गरेका छन् । मेस्सीकी श्रीमती एन्टोनेला रोकुजोको परिवारको स्वामित्वमा देशको तेस्रो ठूलो शहर रोजारियोकोस्थित युनिको सुपरमार्केटमा बिहीबार एक दर्जन गोली प्रहार गरेर आक्रमणकारीले छाडेको लिखित सन्देशमा मेस्सीलाई आक्रमणको धम्की दिइएको हो ।



ब्यूनस आयर्सबाट तीन सय किलोमिटर उत्तरपश्चिममा रोजारियो शहर अवस्थित छ । मेस्सीका ससुरालीको पसल बाहिर टाँसिएको सन्देशमा "मेस्सी ! हामी तिमीलाई पर्खिरहेका छौँ, जाभकिन पनि लागूऔषध तस्कर हो, उसले तिम्रो ख्याल गर्दैन," भनिएको छ । रोजारियोका शहरका प्रमुख पाब्लो जाभकिनले आक्रमण गरिएको पसलको अवलोकन गरेर लागुऔषध सम्बन्धी हिंसामा भएको वृद्धिलाई रोक्न असफल भएको भन्दै सङ्घीय अधिकारीहरूको आलोचना गरेका छन् । मेस्सीलाई धेरै अर्जेन्टिनीले महान् फुटबल खेलाडीका रूपमा सम्मान गर्छन् । छत्तीस वर्षपछि उनको नेतृत्वमा अर्टेन्टिनी राष्ट्रिय टोलीले गत डिसेम्बरमा विश्वकप प्रतियोगिता जितेपछि उनीप्रतिको सम्मान अझ बढेको छ । मेस्सी हाल पेरिस सेन्ट-जर्मेनबाट खेलिरहेका छन् । धेरै समय उनी विदेशमा नै बिताउँछन् । यद्यपि उनी रोजारियो पनि जाने गर्छन् । फ्युनेसको उपनगरमा उनो घर छ । फ्रान्सेली टोलीले बिहीबार बिहान मेस्सीको प्रशिक्षणको तस्बिर सामाजिक सञ्जालमा पोस्ट गरेको थियो । रोजारियोका अभियोजक फेडेरिको रेबोलाले सुरक्षा क्यामेरा फुटेजको समीक्षा सुरक्षा अधिकारीहरूले गरिरहेका तथा प्रारम्भिक अनुसन्धान प्रारम्भ भएको बताएका छन् ।
मेस्सीका ससुरालीले पनि यस प्रकारको धम्की पहिलोपटक पाएको बताएका छन् । सान्ता फे प्रान्तका न्याय मन्त्री सेलिया एरेनाले समाजमा आतङ्क मच्चाउन माफिया समूहले उक्त आक्रमण गरेको बताउनुभएको छ । उहाँले यो आक्रमणको उद्देश्य आपराधिक हिंसाविरुद्ध लडिरहेकाहरूलाई निरुत्साहित गर्न भएको सामाजिक सञ्जालमा लेख्नुभएको छ। (रासस/ एपी)

# अमेरिकी राष्ट्रपति बाइडेन र जर्मन चान्सलर स्कोल्जबीच युक्रेनबारे छलफल

बर्लिन, १९ फागुन
अमेरिकी राष्ट्रपति जो बाइडेनले युक्रेनका लागि आफ्नो समर्थनमा आगामी बाटो तय गर्ने विषयमा छलफल का लागि शुक्रबार वासिङ्टनमा जर्मन चान्सलर ओलाफ स्कोल्जलाई स्वागत गर्नुभएको छ ।
सन् २०२२ फेब्रुअरीपछि भएको स्कोल्जको पहिलो वासिङ्टन भ्रमणले नेताहरूलाई रूसविरुद्ध युक्रेनलाई समर्थन गर्ने आफ्नो सङ्कल्प व्यक्त गर्ने अवसर मिलेको छ । यो वार्ताले मुद्रास्फीति न्यूनीकरण ऐनअन्तर्गत वासिङ्टनको हरित अनुदानबारे जर्मनीको डर र



बर्लिनको बेइजिङसँगको निरन्तर बलियो आर्थिक सम्बन्धप्रति अमेरिकी चेतावनीलगायत यी दुईलाई विभाजित गर्ने जटिल विषयहरूमा केन्द्रित हुने सम्भावना छ ।स्कोल्जका प्रवक्ता स्टेफेन हेबेस्ट्रेइटले भन्नुभयो, "युक्रेनमा आगामी महिनाहरू कस्तो देखिन्छन् ? मेरो विचारमा दुई नेता युक्रेनको भविष्यका बारेमा बढी चिन्तित छन् । युक्रेनका लागि मित्रराष्ट्रहरूले आयोजना गर्न सक्ने सहयोगका लागि यसको अर्थ के हो?" "दुई नेताले निश्चित रूपमा अन्य केही विषयहरूमा छलफल गर्नेछन्," उहाँले भन्नुभयो । बैठकको पूर्वसन्ध्यामा संसदलाई सम्बोधन गर्दै स्कोल्जले युक्रेनका दुई ठूला समर्थकबीचको साझेदारी 'पहिलेभन्दा नजिक र बढी विश्वासिलो' रहेको बताउनुभएको थियो । युक्रेनमा युद्ध दोस्रो वर्षमा प्रवेश गर्दै गर्दा स्कोल्जले भन्नुभयो, "हामी युक्रेनको भविष्यको सुरक्षा ग्यारेन्टीको बारेमा कीभ र अन्य साझेदारहरूसँग कुरा गरिरहेका छौं ।"यसैबीच रूसले शुक्रबार पश्चिमा देशहरुलाई युक्रेनलाई थप हतियार उपलब्ध नगराउन चेतावनी दिएको छ। क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले भन्नुभयो, "यो स्पष्ट छ कि थप हतियार उपलब्ध गराउँदा यसले द्वन्द्वलाई लम्ब्याउनेछ र युक्रेनी जनताका लागि दुःखद परिणाम ल्याउनेछ ।" (रासस/एएफपी)

# ग्रीक रेल दुर्घटनामा परी मृत्यु हुनेको संख्या ५७ पुग्यो



एथेन्स, १९ फागुन
मध्य ग्रीकमा गत मङ्गलबार राति भएको दुर्घटनामा मृत्यु हुनेको संख्या ५७ पुगेको छ । ग्रीकमा दुई रेल एकआपसमा ठोक्किएर भएको सो दुर्घटनामा परेर ज्यान जानेको सङ्ख्या ५७ पुगेको बिहीबार यहाँका अधिकारीहरुले जानकारी दिएका हुन् ।
उनीहरुले सो दुर्घटनाका घाइतेहरुमध्ये बिहीबारसम्म थप केहीको मृत्यु भएको बताएका थिए । उक्त घटनामा यसअघि नै ३६ जनाको मृत्यु भएको बताइएको थियो ।ती घाइते भएकाहरुमध्ये ६६ जना अस्पतालमा भर्ना भएका थिए । अस्पताल भर्ना भएका गम्भीर अवस्थामा रहेका थपको निधन भएपछि यसबाट ज्यान जानेको संख्या ५७ पुगेको अधिकारीहरले बिहीबार जानकारी दिएका हुन् ।
बिहीबार पनि सो दुर्घटनाका बारेमा जानकारी दिइएको थियो। त्यस क्रममा ग्रीकको अग्नि नियन्त्रक सेवाका अधिकारीले पत्रकार सम्मेलनमा यहाँको अग्नि नियन्त्रक सेवाका युनिटहरूले भग्नावशेषमा बाँचेकाहरूको खोजी र उद्धार कार्य गरेको जानकारी दिए। मध्य ग्रीकको टेम्पी नगरपालिकामा मङ्गलबार मध्यरातमा मालबाहक रेलमा ठोक्किएर दुर्घटना भएको यात्रुवाहक रेल ठक्करपछि रेलको अघिल्लो भाग आगोको लप्कामा फसेको थियो ।यहाँको रेल सेवाका अधिकारीले दिएको जानकारीअनुसार उक्त यात्रुवाहक रेलमा तीन सय ४६ जना यात्रु सवार थिए। दुर्घटनाको कारणबारे अनुसन्धान सुरु गरिएको ग्रीक प्रहरीले जनाएको छ ।ग्रीक प्रहरीका प्रवक्ताले अझै पनि सो दुर्घटनामा परेका ४८ जना घाइते अस्पतालमा रहेका छन् । ती घाइतेमध्ये छ जना गम्भीर अवस्थामा रहेका र उनीहरुको आइसियुमा उपचार भइरहेको छ ।
यहाँको अग्नि नियन्त्रक सेवाले शुक्रबारसम्ममा घाइतेको खोजी र सम्पूर्ण उद्धारको काम सक्ने अनुमान गरिएको छ। (रासस/सिन्ह्वा)

# हकिमीमाथि बलात्कारको आरोप

पेरिस, १९ फागुन
फ्रान्सको प्रसिद्ध फुटबल क्लब पेरिस सेन्ट जर्मेन (पिएसजी) र मोरक्कोका डिफेन्डर अशरफ हकिमीमाथि बलात्कारको आरोप लगाइएको फ्रान्सेली अभियोजनकर्ताले शुक्रबार बताएका छन् ।
चौबीस वर्षीय हकिमीलाई २४ वर्षीया एक युवतीले लगाएको आरोपका सम्बन्धमा बिहीबार अभियोजकहरूले सोधपुछ गरेका थिए ।
गत वर्ष कतारमा भएको विश्वकपको सेमिफाइनलमा मोरक्कोको ऐतिहासिक यात्राको महत्वपूर्ण हिस्सा रहेका म्याड्रिडबाट फुटबल खेलमा ख्याती कमाउनुभएका हकिमी शुक्रबार बिहान पिएसजीको प्रशिक्षणमा देखिनुभएको थियो । एएफपीसँगको सम्पर्कमा क्लबले उहाँविरूद्धको आरोपबारे कुनै प्रतिक्रिया दिएको छैन ।हकीमीलाई आफ्नी श्रीमती र छोराछोरी छुट्टीमा टाढा रहेको बेला आफ्नो घर आउनका लागि ती युबतीलाई पैसा तिरेको आरोप लगाइएको छ ।
सोमबार, हकिमी पेरिसमा फिफा बेस्ट अवार्ड समारोहमा देखा पर्नुभएको थियो । उहाँलाई पेशेवर फुटबलरहरूको लागि विश्वव्यापी प्रतिनिधि संगठन (एफआईएफप्रो) पुरुष वर्ष खेलाडीको रूपमा सम्मान गरिएको थियो ।
कतारमा सम्पन्न विश्वकप फुटबलमा उहाँ मोरक्काको फुटबल टोलीको महत्वपूर्ण खेलाडीका रूपमा देखिनुभएको थियो । मोरक्को अरब संसारबाट विश्वकपको अन्तिम चारमा पुग्ने पहिलो राष्ट्र बनेको थियो । फ्रान्सको कानुनअनुसार अभियोग लाग्नुको अर्थ मुद्दा सुनुवाइमा जाने भन्ने छैन । (रासस/सिन्ह्वा)



# जर्मनी र संयुक्त राष्ट्रसंघद्वारा इरानमा विषाक्त पदार्थको छानबिन गर्न माग

बर्लिन, १९ फागुन
इरानमा सयौं छात्रालाई विषाक्त पदार्थ दिइएको (खुवाइएको) घटनाको पूर्ण र पारदर्शी छानबिन गर्न जर्मनीका उच्च कूटनीतिज्ञले शुक्रबार गरेको आह्वानलाई संयुक्त राष्ट्रसङ्घले समर्थन गरेको छ ।
इरानी सरकारी अधिकारीका अनुसार विगत तीन महिनामा सयौंको सङ्ख्यामा छात्रामा श्वासप्रश्वाससम्बन्धी समस्या देखिएको छ र यो इस्लामिक गणतन्त्रमा छात्रा विद्यालय बन्द गर्न बाध्य पार्ने प्रयास हुन सक्छ ।
इरानकी विदेशमन्त्री एनालेना बेयरबोकले ट्वीटरमा लेख्नुभएको छ, "इरानमा विद्यालयस्तरका छात्राहरूलाई विष खुवाइएको खबरले स्तब्ध बनाएको छ ।उत्तरपश्चिमी शहर अर्दाबिलमा सात र राजधानी तेहरानमा तीन गरी कम्तीमा १० वटा बालिका विद्यालयलाई निशाना बनाइएको छ ।"तेहरान होस् वा अर्दाबिल, केटीहरू निर्धक्क भएर विद्यालय जान पाउनुपर्छ । यो उनीहरूको मानव अधिकार हो," बेयरबोकले भन्नुभयो ।
"सबै घटनाको पूर्ण अनुसन्धान हुनुपर्छ," उहाँले भन्नुभयो । जेनेभामा शुक्रबार संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यालयले पनि विषाक्तताको आरोपप्रति चिन्ता व्यक्त गरेको छ ।संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यालयका प्रवक्ता रविना शमदासानीले भन्नुभयो, "रहस्यमय परिस्थितिमा केटीहरूलाई जानीजानी निशाना बनाइएको भन्ने आरोपप्रति हामी निकै चिन्तित छौं ।"
उहाँले भन्नुभयो, "संयुक्त राष्ट्रसङ्घको अधिकार कार्यालयले घटनाको कुनै पनि अनुसन्धान पारदर्शी होस् र दोषीलाई न्यायको कठघरामा ल्याउन निष्कर्ष सार्वजनिक गरियोस् भन्ने चाहेको छ ।"यसैबीच विश्व स्वास्थ्य सङ्गठनकी प्रवक्ता मार्गरेट ह्यारिसले संयुक्त राष्ट्रसङ्घीय स्वास्थ्य निकायले राष्ट्रिय स्वास्थ्य अधिकारीहरू र चिकित्सा पेशेवरहरूसँग घटनाका बारेमा सम्पर्कमा रहेको र 'घटनाको बारेमा थप बुझ्नका लागि अन्य माध्यमहरू प्रयोग गरिरहेको छ ताकि हामीसँग राम्रो प्रमाण होस् ।'
गत नोभेम्बरमा रहस्यमय विषाक्तताको प्रकोप सुरु भएयता करिब एक हजार २०० विद्यार्थीलाई श्वासप्रश्वासमा समस्या भएपछि अस्पतालमा उपचार गर्नुपर्ने अवस्था आएको एक इरानी सांसदले बुधबार बताउनुभएको छ । विषाक्तताले देशभरि आक्रोशको लहरलाई उक्साएको छ । आलोचकहरूले विद्यालयहरूमा आक्रमणको बढ्दो संख्या देखिएको सन्दर्भमा आधिकारिक मौनताको निन्दा गरेका छन् ।
गत वर्ष सेप्टेम्बरमा २२ वर्षीया महसा अमिनीको मृत्युपछि सुरु भएको विरोध प्रदर्शनपछि जर्मनी र इरानबीचको सम्बन्ध विशेष गरी तनावपूर्ण बनेको छ ।तेहरानले प्रदर्शनमाथि गरेको रक्तपातपूर्ण दमन र सरकार विरोधी प्रदर्शनकारीलाई मृत्युदण्ड दिने कार्यको निन्दा गर्ने पश्चिमा आवाजमा बेयरबोक स्वयम् अग्रपङ्क्तिमा रहनुभएको छ ।
यसैबीच, जर्मन-इरानी नागरिक जमशिद शर्माहदलाई मृत्युदण्डको सजाय सुनाइएपछि बर्लिनले पनि बदलामा यस्तै कदम चालेको छ । तेहरानले बिहीबार दुई जना जर्मन कूटनीतिज्ञलाई देश छोड्न आदेश दिएको थियो । (रासस/सिन्ह्वा)

# लैङ्गिक समानताका लागि आवश्यक वातावरण बनाउन आग्रह

संयुक्त राष्ट्रसङ्घ, १९ फागुन
संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेसले लैङ्गिक समानताका लागि आवश्यक पहल गर्न र यसका लागि वातावरण निर्माण गर्न सबैसँग आग्रह गर्नुभएको छ ।
उहाँले विश्वमा महिला समानता कायम गर्न र यसका लागि आवश्यक पहल गर्न आग्रह गर्नुभएको हो । विश्वमा नारी दिवसका अवसरमा दिनुभएको सन्देशमा उहाँले सो धारणा राख्नुभएको हो । महासचिव गुटरेसले यस वर्षको विश्व नारी दिवसको नारा लैङ्गिक समानताका लागि डिजीटल तथा प्राविधिक विकास भन्ने रहेकाले विश्वमा लैङ्गिक समानताका लागि प्रविधिमा विकास गर्न र यसमा सहयोग गर्न आग्रह गर्नुभएको हो ।
हरेक वर्ष ८ मार्चमा मनाइने विश्व नारी दिवस यस वर्ष लैङ्गिक समानताका लागि प्रविधिको विकास भन्ने नाराका साथ मनाउन लागिएको छ । उहाँले सो सन्देशमा विश्वका नारीहरुलाई पनि प्रविधिमा पहुँचका साथै प्रविधिको विकासका माध्यमबाट नारी समानताको वातावरण निर्माण गर्न सकिने बताउनुभएको हो । उहाँले विश्व नारी दिवसका अवसरमा दिनुभएको सो सन्देशमा प्रविधिमा महिलाको पहुँच एवं उनीहरुले आर्जन गर्नसक्ने प्राविधिक ज्ञानले बालिकालाई शिक्षामा पहुँच प्रदान गर्नुका साथै विश्वमा लैङ्गिक समानता कायम गर्न सघाउ पुग्ने बताउनुभएको छ ।
महासचिव गुटरेसले विश्वमा विकसित विज्ञान प्रविधिमा पनि नारीहरुको पहुँचबाट उनीहरुमा प्राविधिक मात्र नभएर अन्य क्षेत्रको पनि ज्ञान प्राप्त हुने भएकाले उनीहरुलाई इन्टरनेटर र प्रविधिको विकासका क्षेत्रमा लगाउनुपर्नेमा जोड दिनुभएको हो । (रासस/सिन्ह्वा)

# आईसीपी संचालनको ठेक्का कैलाश टर्मिनल्स जेभीलाई



मधेशदृष्टि
वीरगंज, १९ फागुन ।
वीरगन्ज भन्सार आईसीपी संचालनको ठेक्का कैलाश टर्मिनल्स जेभीले पाएको छ । इन्टर मोडल यातायात विकास समितिका कार्यकारी निर्देशक आशिष गजुरेलले कैलाश जेभीसहित ५ कम्पनीले आशयपत्र दर्ता गराएकोमा कैलाशलाई चयन गरिएको बताएका छन् ।

५ वर्षका लागि कैलाश टर्मिनल्स जेभीले १ अर्ब ८० करोड ९० लाख १ हजार २ सय रुपैयाँमा आईसीपी संचालनको ठेक्का पाएको गजुरेलले जानकारी दिए ।

आईसिपी संचालन सम्बन्धी दर्ता भएका आशयपत्रमध्ये क्वालिटी कस्ट बेस मूल्यांकन विधिबाट सो कम्पनी चयन गरिएको कार्यकारी निर्देशक गजुरेलले बताए । २०७४ देखि नै संचालनमा आएको वीरगन्ज आईसीपी संचालनको टेण्डर २०७५ सालमा पहिलो पटक गरिँदा टेण्डर प्रक्रिया असफल भएको थियो ।

इन्टरमोडल यातायात विकास समिति नियमनकारी निकायको रुपमा रहेर संचालनको लागि निजी क्षेत्रलाई लगाउने नीति अनुरुप वीरगन्ज आईसीपी ठेक्कामा लगाइएको गजुरेलले बताए ।

इन्टर मोडल यातायात विकास समितिको स्वामित्वमा वीरगन्ज, विराटनगर, भैरहवा, काकडभित्ता, तातोपानी, चोभार र सिर्सियामा सुक्खा बन्दरगाह संचालनमा छन् ।

एकै छाना मुनि भन्सार, क्वारेन्टाइन, सिमा सुरक्षा जस्ता संस्थाहरु आवास सुविधा सहित संचालनमा आउनाले मानवीय तथा मालसामानको अन्तरदेशीय आवत जावतलाई झन्झट रहित बनाउने प्रयास स्वरुप भारतले नेपाल र आफ्नो भूमिमा समेत गरी आईसीपी निर्माण गरेको हो ।

नेपालको आधा भन्दा बढी अन्तर्राष्ट्रिय आयात निर्यात कारोबार आईसीपीबाटै हुने भएकाले यहाँ हुने पूर्वाधार तथा सुविधाले मुलुककै आयात निर्यात व्यापारमा ठूलो महत्व राख्ने वीरगंज भन्सार कार्यालय आईसिपी भन्सारका प्रमुख अधिकृत राजेन्द्र प्रसाद चुडालले जानकारी दिए ।

# वीरगंजलाई सफा शहर बनाउन जुट्यो महानगरपालिका



मधेशदृष्टि
वीरगंज, १९ फागुन ।बीरगंज महानगरपालिकाको बजार क्षेत्रको सरसफाई र स्वच्छ वातावरणका लागि अहिले दैनिक ३ सिफ्टमा ३ सय ८ जना सरसफाईकर्मी खटिने गरेका छन ।

महानगरको सरसफाईका लागि अहिले स्थायी कर्मचारी नाईके र कुचिकार गरी १ सय २३ जना तथा निजी साझेदारी कार्यक्रम अन्तरगत सरसफाईमा खटिने १ सय २३ जना, प्रत्येक वडा ५ जनाको दरले ३२ वडामा १ सय ६० जना, दैनिक ज्यालादारी र करारका कुचिकारहरु गरी ३ सय ८ जना सरसफाईकर्मी अहिले ३ सिफ्टमा नगर क्षेत्रको सरसफाईका लागि खटिएको वीरगंज महानगरपालिकाका सरसफाई महाशाखाका अधिकृत सरफुद्दिन मियाले जानकारी दिएका छन् ।

त्यसैगरी फोहोर उठाउनका लागि १६ जना ट्र्याक्टर चालक रहेका छन भने अहिले महानगरपालिकाको सरसफाईमा १७ वटा ट्र्याक्टर परिचालन गरिएको छ । सरसफाईकै लागि महानगरसँग नाला काटने हचिक्लिनर मेसिन २ थान, शौचालय सफाई गर्ने सक्सन मेसिन ३ थान, जेटिङ्ग मेसिन २ थान, जेसिवी ४ थानले नगर क्षेत्रको फोहोर उठाई रहेको मियाँले जानकारी दिए । प्रति दिन वीरगंज महानगरपालिकाको कार्यालयको जनशक्तिले ३० देखि ३५ टन तथा निजी साझेदारी कार्यक्रमद्वारा संचालित सरसफाई कार्यक्रम अन्तरगत ५५ देखि ६० टन फोहोर उठने गरेको मियाले बताए । कर्मचारीको सहि व्यवस्थापन, जनप्रतिनिधिको निरन्तर अनुगमनले अहिले वीरगंजको सरसफाईमा आमुल परिवर्तन आएको छ ।

त्यसैगरी लामखुट्टेको प्रकोप नियन्त्रणका लागि अहिले महानगरपालिकाले ठूलो जनशक्ति परिचालन गरेको छ । दुई वटा मेसिनद्वारा ऐयर स्प्रे र प्रत्येक वडामा ५ जनाको दरले पम्प स्प्रे गरी लामखुट्टे तथा त्यसको लार्भा नियन्त्रण गर्ने अभियानमा महानगरपालिका जुटेको छ । विगत केहि दिन यता वीरगंजमा लामखुट्टे बढदै गएपछि यसको नियन्त्रणका लागि ऐयर स्प्रे र पम्प स्प्रे अभियानकै रुपमा संचालन गरिएको मियाले बताए ।

यसैविच वीरगंज महानगरपालिकाले नगर क्षेत्रको सडकमा जथाभावी फोहोर गर्नेहरुलाई कारवाही प्रक्रिया समेत शुरु गरेको छ । विगत एक महिना यता १ सय ६६ जनालाई रंगेहात सडकमा फोहोर फाल्दै गर्दा पक्राउ गरिएको र उनिहरुसँग २ लाख ६० हजार जरिवना समेत गरिएको सरसफाई अधिकृत मियाँले बताए ।

# ऋणनै नभएको व्यक्तिको नाममा ऋण देखाएको आरोप

मधेशदृष्टि
वीरगंज, १९ फागुन ।बारामा एक लघुवित्त संस्थाले ऋण नै नभएको व्यक्तिको नाममा ऋण देखाएको सेवाग्राहीहरूको आरोप छ । स्वावलम्बन लघुवित्त संस्था,जीतपुर शाखाले ऋण नै नभएको व्यक्तिको नाममा ऋण देखाएको रमौली लोसण्डाका स्थानीयहरूको आरोप छ । झुटो ऋण देखाएको भन्दै उनीहरूले गाउँमा ऋणको ताकेता गर्न आएका जीतपुर, शाखाको कर्मचारी चढ्ने मोटरसाइकल खोसेर कर्मचारीलाई समेत नियन्त्रणमा लिएका छन् । रमौली निवासी लालमती देवीको देहान्त भएको करिब ५ बर्ष भन्दा बढी भयो ।

लामतीको निधन भएसँगै उनको छोरासहित आफन्तहरू संस्थामा गई हिसाब किताब गरी ऋण तिरिसकेका थिए । अहिले बचत निकाल्न जाँदा अचानक आमाको नाममा २५ हजार रुपैयाँ ऋण देखाइएको लालमतीका छोराले जानकारी दिए । यता आफूले भाद्र महिनामै तिरी सकेको ऋण अहिले देखाइएको स्थानीय शिवपुजन देवीले बताइन् । शिवपुजन देवीको नाममा १ लाख ५ हजार ऋण देखिएको छ । स्थानीय शिवकली महतोले पनि आफूले तिरी सकेको ऋणमा अहिले ८ हजार तिर्न बाँकि रहेको देखाएको भन्दै आक्रोश व्यक्त गरिन । उल्लेखित पिडित व्यक्तिहरु उदाहरणमात्रै भएको र वारामा दर्जनौ व्यक्तिहरुलाई लघुवित्त तथा सहकारी संस्थाले झुठो ऋणी बनाएर ठगी गरेको भेटिएको छ ।

स्वावलम्बन लघुवित्त संस्था ,जीतपुर शाखाका प्रबन्धक शन्त कुमार मण्डलले आफू यो घटनाले अचम्मित भएको बताउदै जीतपुर शाखामा आफु नयाँ भएकाले ५ वर्ष अगाडि के भएको हो भन्ने कुराको विषयमा जानकारी नभएको बताए । प्रबन्धक मण्डलले आफ्नो सम्फटवेयरमा ती महिलाहरूको नाममा ऋण देखिएपछि आफूले बचत रोकेको जानकारी दिए । सो घटनाका बारेमा आफूले क्षेत्रीय कार्यालयमा जानकारी गराइसकेको मण्डलले बताए ।

यसैविच बैंक तथा वित्तीय संस्थाहरु विरूद्ध हुने गलत गतिविधि रोक्न देशभरका जिल्ला प्रशासन कार्यालयहरुलाई गृह मन्त्रालयले निर्देशन दिएको छ । पछिल्लो समय बैंक तथा वित्तीय संस्थाहरुविरुद्ध भइरहेको संगठित आक्रमणको प्रयासपछि गृह मन्त्रालयले यस्तो निर्देशन दिएको हो । बैंक तथा वित्तीय संस्थाको सुरक्षाका लागि चनाखो भएर सुरक्षा प्रबन्ध गर्न र त्यस्तो गतिविधिहरुमाथि निगरानी बढाउन निर्देशन भएको गृह सचिव विनोदप्रसाद सिंहले जानकारी दिए ।

# प्रदेशले थप ६ दिन सार्वजनिक विदा दिन पाउने

मधेशदृष्टि
जनकपुरधाम, १८ फागुन । संघीय तहबाट तोकिएको बाहेक प्रदेश सरकारहरुले थप ६ दिन सार्वजनिक बिदा दिन पाउने सुविधा दिइएको छ ।

सरकारले बिद ासम्बन्धी व्यवस्थामा सार्वजनिक बिदाका अतिरिक्त भन्दै प्रदेश सरकार हरुलाई यस्तो सुविधा दिएको हो । संघीय सरकारले गरेको निर्णयमा भनिएको छ, 'प्रदेश सरकारहरुले आ-आफ्नो प्रदेशको धर्म, संस्कृति र रीतिस्थिति समेतलाई दृष्टिगत गरी घोषणा गरेका बढीमा वर्षको ६ दिनसम्मको थप सार्वजनिक बिदा दिन पाउनेछ ।'


यसअघि कतिपय प्रदेश सरकार हरुले आफूखुसी बिदाको निर्णय गरेका थिए । तर प्रदेश मातहतकै संघीय कार्यालयहरुले ती बिदा कार्यान्वयन नगर्दा अन्योल भएको थियो । यही समस्या हटाउन सरकारले वार्षिक ६ वटा त्यस्ता बिदामा प्रदेशमा रहेका संघीय सरकारका कार्यालयहरुमा समेत बिदा गर्ने' घोषणा गरेको छ ।

प्रदेश सरकारले हरेक वर्ष सुरु हुनुभन्दा पहिले राजपत्रमा सूचना प्रकाशित गरी बिदा घोषणा गर्नुपर्नेछ र त्यसको जानकारी जिल्ला प्रशासन कार्यालयहरुले गृह मन्त्रालयमा खबर गर्नुपर्नेछ । ६ दिनभन्दा बढी हुने बिदाको निर्णय भने संघीय गृह मन्त्रालयले मात्रै गर्न पाउनेछ । काठमाडौं उपत्यकाभित्रको जिल्लाहरुबारे भने गृहमन्त्रालयले निर्णय गर्ने उल्लेख छ ।

# नेविसंघमा गुटगत विवाद, शेखर पक्षका दुजाङ कुटिए

मधेशदृष्टि
काठमाडौं, १९ फागुन । त्रिभुवन विश्वविद्यालय तथा विद्यार्थी संगठनहरु आसन्न स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा तयारीको बेला नेपाल विद्यार्थी संघ भने आन्तरिक मुठभेडमा उत्रेको छ ।

नेपाली कांग्रेसको भ्रातृ संस्था नेविसंघमा स्ववियु निर्वाचनलाई नै लिएर विवाद चुलिएको छ । संस्थापन र इतर पक्षको विवाद बढ्दै जाँदा बिहीबार दुई पक्ष कुटाकुटमा उत्रिएका छन् । त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा स्ववियु निर्वाचनका लागि दुई पक्षले प्रतिनिधि खटाएको विवाद मिलाउन बसेको छलफलमा नै कुटाकुट भएको थियो ।छलफल चलिरहेको समयमा नेविसंघ अध्यक्ष दुजाङ शेर्पा पक्षले आफ्ना कार्यकर्तालाई कुटेको इतर पक्षले आरोप लगाएको छ । पूर्व कोषाध्यक्ष शिव रिमाल कुटपिटबाट घाइते भएका छन् । टाउकोमा बढी चोट लागेका रिमालको उपचार स्टार अस्पतालमा भइरहेको छ ।



नेविसंघ अध्यक्ष शेर्पाले त्रिवि कीर्तिपुरका लागि केन्द्रीय प्रतिनिधि पदम भट्टराई तोकेका थिए । नेता शेखर कोइराला पक्षधरले प्रवीण कैनीलाई प्रतिनिधि बनाएको थियो । दुई पक्षबाट केन्द्रीय प्रतिनिधि हुँदा विवाद बढ्यो । केन्द्रीय प्रतिनिधि को हुने विवाद मिलाउन दुई पक्षको बैठक बिहीबार बसिरहेको थियो ।

संस्थापन पक्षका विद्यार्थी नेताका अनुसार इतर पक्षले प्रतिनिधि बनाएका कैनी नै पहिले हातपातमा उत्रेको आरोप लगाएको छ । कैनीले संस्थापन पक्षले प्रतिनिधि बनाएका पदमलाई थप्पड हानेको नेविसंघ अध्यक्ष दुजाङ पक्षको भनाई छ । विवाद साम्य भइसकेपछि ४०/५० जनाको समूह प्रवेश गरि आफ्ना विद्यार्थी नेतालाई आक्रमण गरेको शेखर पक्षका विद्यार्थी नेता प्रेमिका रानामगरले बताइन् । 'हाम्रो प्रतिनिधि र दुजाङले पठाएको प्रतिनिधिबीच वार्ता हुँदै गर्दा केटा पठाएर हाम्रो साथीहरुलाई आक्रमण गरे', रानामगरले भनिन्, 'टियुको विद्यार्थी गएर कुटेका होइनन्, बाहिरका ल्याएर कुटाएका हुन् ।'

रिमाल कुटिएपछि इतर पक्ष आक्रोशित बनेर संघको केन्द्रीय कार्यालय तोडफोडमा उत्रियो । अनामनगरस्थित केन्द्रिय कार्यालयमा बिहीबार साँझ इतर पक्षका कार्यकर्ताले तोडफोड गरि भौतिक क्षति पुर्‍याएका छन् । प्रतिनिधिकै विषयले विवाद उत्पन्न भएकाले शुक्रबार नयाँ प्रतिनिधि अध्यक्ष शेर्पाले खटाएका छन् भने पुरन रोकायालाई प्रतिनिधि बनाइएको छ ।

संघमा समानान्तर गतिविध गर्दै आएको इतर पक्षले स्ववियु निर्वाचनको लागि उपत्यकाका ३५ क्याम्पसमा केन्द्रीय प्रतिनिधि चयन गरेको छ । संस्थापन पक्षले संस्थापनइतरले चयन गरेका प्रतिनिधिलाई मान्यता नदिने बताएको छ । त्रिविले शुक्रबार बिहान १० बजदेखि दिउँसो ३ बजेसम्म निर्वाचनमा भाग लिने संगठनको दर्ता गर्ने समयतालिका बनाएको छ । स्ववियु निर्वाचनमा मिश्रित निर्वाचन प्रणालीमा हुनेछ । समानुपातिक र प्रत्यक्षतर्फको उम्मेदवारी दर्ताको समय फागुन २७ गते बिहान ११ बजेदेखि दिउँसो २ बजेका लागि निर्धारण गरिएको छ ।सभापति, सचिव, कोषाध्यक्ष र ६० प्रतिशत सदस्य प्रत्यक्ष निर्वाचित हुनेछन् भने अन्य पदमा समानुपातिक पद्धतिबाट छनोट हुनेछन् । त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयले चैत ५ गते स्वविवु निर्वाचन गर्ने भएको छ ।

हार्दिक शुभकामना

आपसी सद्भाव र रंगहरूको पर्व होली अर्थात फागु पूर्णिमाको अवसरमा सम्पूर्ण बीरगंज महानगरपालिका आदरणीय नगरवासी, दाजु भाई तथा दिदी बहिनीहरू, देश विदेशमा रहनु भएका समस्त नेपाली बन्धुहरूमा सु-स्वास्थ्य एवम् दिर्घायुको हार्दिक मंगलमय शुभकामना ।



इम्तियाज आलम
उपप्रमुख
बीरगंज महानगरपालिका

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल